गाउँसभाका सदस्यज्यूहरू,

नेपाली जनताको महत्वपूर्ण योगदानले जारी गरीएको नेपालको संविधान २०७२ को भावना वमोजिम लागु भएको संघीय शासन प्रणाली अनुसार स्थापित तीन तहको सरकार अन्तर्गत लोकतन्त्रको महत्वपूर्ण र सुन्दर पक्ष आवधिक निर्वाचन अनुरुप स्थानीय तह निर्वाचन २०७९ का माध्यमबाट यस अन्नपूर्ण गाउँपालिकाको दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित भै कार्यभार सम्हालेको समेत चार वर्ष पुरा भएको छ। अन्तिम वर्षमा प्रवेश गर्दै गर्दा आगामी आ.ब. २०८३/८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु। यस महत्वपूर्ण क्षणमा राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनीधि मार्फत राज्य सञ्चालन गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा भएका जनआन्दोलन एवम् बिभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वाभिमान लोकतन्त्र र जनजिविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरूले पुर्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु। सम्मान व्यक्त गर्दछु।

२०८२ साल असार ८ गते अन्नपूर्ण गाउँपालिकाको अठारौं गाउँसभामा मैले प्रस्तुत गरेको नीति कार्यक्रम मार्फत सुशासन प्रवर्धन, महिला, दलित, जनजाती, एकल महिला, अपाङ्गता भएका लगायत पछाडी परेका वर्ग तथा समुदायलाई क्षमता अभिवृद्धि गरी विकासमा मुल प्रवाहीकरण, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण सहित पकेट क्षेत्र विकास कार्यक्रम, शिक्षा र स्वास्थ्य क्षेत्रमा विपन्न वर्गको पहुँच, घर घरमा सिप विकास गरी स्वरोजगार प्रवर्धन, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि, पर्यटन विकासमा जोड दिँदै समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता ब्यक्त गरेका थियौं। ति हाम्रा जनता प्रति गरेका प्रतिवद्धता समेत हुन्। अन्नपूर्ण गाउँपालिकाको सर्वाङ्गीण विकासका लागी आर्थिक, सामाजिक, सांस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरीएको थियो। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी तथ्य र तथ्याङ्कका आधारमा नतिजा ल्याउने सङ्कल्प गरीएको थियो। सोहि अनुरुप अन्नपूर्ण गाउँपालिका अगाडी बढिरहेको छ।

भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका कारण संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा कटौती र न्युन आन्तरिक आम्दानीका वावजुद पनि यस अवधिमा महत्वपूर्ण उपलव्धिहरु हासिल भएका छन्। गाउँपालिका कार्यालयबाट प्रवाह गरीने सेवा प्रवाहलाई थप प्रभावकारी बनाईएको छ। भौगोलिक जटिलतालाई ख्याल गरी घुम्ती सेवा प्रणालीलाई कार्यान्वयन गरीएको छ

। सेवा केन्द्रहरू विस्तार गरीएका छन् । सुशासनलाई विगतका भन्दा प्रभावकारी वनाई प्रवर्द्धन गरीएको छ । संविधानले दिएका अधिकारहरु प्रयोग गरी आवश्यक कानुनहरु निर्माण भईरहेका छन् । शिक्षा क्षेत्रमा गाउँ शिक्षा समिति र शिक्षा अनुगमन समितिले विद्यालयको वास्तविक अवस्था अध्ययन गरी समस्या समाधानको प्रयत्न भईरहेको छ । विद्यालयमा अनुगमन तथा सुपरिवेक्षणलाई कडाई गरीएको छ । नागरीकको स्वास्थ्य बीमामा गाउँपालिकाको तर्फबाट ७१.७५% अनुदान साथै अति विपन्न नागरीकलाई निःशुल्क स्वास्थ्य बीमाको प्रबन्ध गरी छुटेका नागरीकको न्यूनतम स्वास्थ्य उपचारको ग्यारेन्टी गरीएको छ । गाउँपालिका स्तरीय १५ शैयाको अन्नपूर्ण आधारभूत अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ । पर्यटन सूचना केन्द्र निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडानलाइ व्यवस्थित वनाई पालिकाको राजश्व आम्दानीमा वृद्धि गरीएको छ । काँडे-भदौरे-सल्यान सडक सहित पालिका भरिका करिब १५ कि.मी. सडक ढलान भएका छन् । अन्य सडकहरू क्रमशः स्तरोन्नती हुने दिशामा अगाडी बढेका छन् । विभिन्न वडा र टोलहरूमा कृषि पकेट क्षेत्र घोषणा गरी आधुनिक कृषि औजारहरू वितरण गरीएको छ । कृषि सम्वन्धी कार्यक्रमहरुलाइ थप व्यवस्थित बनाउन वडा स्तरिय कृषक सञ्जाललाई थप प्रभावकारी बनाईएको छ । उत्तरी भेगका कृषक एवम् पशुपालक जनतालाई मध्यनजर गरी बिरेठाँटीमा कृषि र पशु सेवा केन्द्र सञ्चालनमा ल्याईएको छ । कृषि र पशु प्राविधिकलाई वडा वडामा खटाईएको छ । आर्थिक पारदर्शिताका लागि ठूला आयोजनाहरुलाई टेण्डर प्रकृया मार्फत कार्यान्वयन गरीएको छ । लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि वडा वडामा महिला सञ्जाल गठन गरीएका छन् । पालिका स्तरमा समेत महिला संजाल गठन गरी महिलाहरूको क्षमता अभिवृद्धि र सीप विकासमा जोड दिइएको छ । विगतका उपलब्धिहरूलाई अन्नपूर्ण दर्पण -१,२,३ र ४ प्रकाशित गरी सबैका सामु सार्वजनिक समेत गरीएको छ । अन्नपूर्ण गाउँपालिकाको नीति कार्यक्रम कार्यान्वयन गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

गाउँसभा सदस्यज्यूहरू,

नेपालको संविधान २०७२ को कार्यान्वयन गर्दै संघीयता संस्थागत गरी विकास र समृद्धिको यात्रामा अगाडी वढिरहेका छौं । यस अवधिमा हामीले धेरै अनुभव लिने अवसर पाएका छौं । कार्य सम्पादन गर्ने सवालमा भएका कमिकमजोरीलाई सच्च्याउँदै कार्य सम्पादनमा थप प्रभावकारी ल्याउने छौं । विगत वर्षहरुमा निर्माण भएका नीति कार्यक्रम र वजेट कार्यान्वयनको चरणमा देखिएका कमजोरी र समस्याहरुवाट पाठ सिक्दै जन-समुदायको आवश्यकता र चाहना एवम् गाउँपालिकाको उद्देश्य र लक्ष्य अनुसार साथै दिगो विकासका उच्च लक्ष्य हासिल गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने, राष्ट्रिय नीति तथा लक्ष्यलाई समेत आधार मान्दै आगामी आ.व. २०८३/८४ को

नीति तथा कार्यक्रम तयार पारिएको छ । अन्नपूर्ण गाउँपालिकाको समग्र विकास र समृद्धिको लागी सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँपालिकावासी आमावुवा दाजुभाई दिदिवहिनीहरु प्रती हार्दिक आभार व्यक्त गर्दछु ।

अन्नपूर्ण गाउँपालिका समग्र विकासका निम्ती नीति, योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनुहुने निर्वाचित जन- प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक, सामाजिक, शैक्षिक, प्रशासनिक क्षेत्रका व्यक्तित्वहरु तथा गाउँपालिकावासी दाजुभाई दिदिवहिनीहरु, विकास योजनाका उपभोक्ता समितिहरु, महिला, युवा, कृषक, ज्येष्ठ नागरीक, अपाङ्ग, बालवालिका, सञ्चारकर्मी लगायत सम्पूर्ण सञ्जाल र समितिहरु साथै गाउँपालिका भित्र क्रियाशील गैर-सरकारी संस्थाहरु सवैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

"समृद्ध अन्नपूर्ण-सुखी अन्नपूर्णवासी" भन्ने नाराका साथ गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका योजनाहरुलाई मार्गदर्शन गर्न र श्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतु सहित यो नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ । देशको राष्ट्रिय लक्ष्य पुरा गर्दै समृद्ध अन्नपूर्ण गाउँपालिका सुखी अन्नपूर्णवासी वनाउने संकल्प गरेका छौं । यस संकल्प पुरा गर्न हामी ईमान्दारपुर्वक जवाफदेही हुदै स्पष्ट नीति र कार्यक्रम सहित अगाडी बढ्ने छौं । यद्यपी हाम्रो सामु धेरै चुनौतीहरु छन् । चालु आर्थिक वर्षमा संघ सरकारवाट समानीकरण अनुदानमा गरीएको कटौती साथै पालिकाको आन्तरिक श्रोत समेत कम भएका  कारण सम्पन्न भएका कतिपय विकास योजनाहरु दायित्वको रुपमा रहने संभावना छ । आगामी आर्थिक वर्षका लागि प्राप्त हुने समानिकरण, राजश्व बाँडफाँट, विशेष अनुदान लगायत संघ सरकारवाट प्राप्त अनुदान घटेको छ । यस कारण अव हामीले पालिकाको आन्तरिक आम्दानी वढाउदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकङ्क्षाहरुको सम्वोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ । हामीले अन्नपूर्ण आधार शिविरमा हेलिकम्टर उडानलाइ व्यवस्थित वनाउदै आन्तरिक आम्दानीमा वृद्धि गरेका छौं । विकासका काममा पछाडी परेका वर्ग र समुदायलाई विकासको मुल प्रवाहमा ल्याउने, उत्पादनशील लगानी अभिवृद्धि गरी रोजगार सृजना, विस्तार र उत्पादकत्व वृद्धि गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्न कृषि उपज संकलन केन्द्र सञ्चालन, पर्यटन विकास र विस्तार गर्ने, वनजङ्गल तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्धन तथा उपयोग गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने, सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने र सामाजिक विकासलाई संस्थागत गर्दै पालिकावासिहरुमा आफ्नै गाउँठाउँमा रही केही गरौं भन्ने भावना विकास गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने जिम्मेवारी स्थानीय सरकारको रुपमा हाम्रो सामु रहेका छन् ।

माथि उल्लेखित विषयहरुलाई सम्वोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्न यस पालिकालाई **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार"** को दीर्घकालीन योजना तय गरी "पालिका बन्छ- बन्दै छ हाम्रो पालामा" भन्ने सङ्कल्प सहित विकासको समग्र योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग र सल्लाह सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता व्यक्त गर्दै पुन: सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि देहाय बमोजिमका नीतिहरु प्रस्तुत गरेको छु ।

१. बढ्दै गएको रासायनिक मलको प्रयोगलाई न्युनिकरण गर्न कम्पोस्ट मल, गँड्यौला मल उत्पादन, प्रयोग र मलखाद व्यवस्थापनका माध्यमबाट गुणस्तरीय उत्पादनमा जोड दिइनेछ ।

२. स्थानीयस्तरमा उपलब्ध स्रोत साधनको प्रयोग गर्दै बाली संरक्षणका लागि जैविक मल तथा जैविक विषादीको उपाय अपनाउन कृषकहरुलाई प्रेरित गरीने छ ।

३. पर्यटकीय क्षेत्रहरुमा जैविक खेती पद्दतीलाई प्रोत्साहन गरी उक्त क्षेत्रहरुबाट उत्पादित कृषि उपज उक्त क्षेत्रमानै खपत गरीने व्यावस्था मिलाईने छ ।

४. अन्नपूर्ण गाउँपालिका भित्र उत्पादन भईरहेका र सम्भावना बोकेका कृषि उपजहरुका बारेमा अध्ययन अवलोकन गरी पहिचानका आधारमा पकेट क्षेत्र निर्माण गर्ने कार्य प्रारम्भ गरी सबै वडाहरुमा क्रमश बिस्तार गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

५. प्रत्येक वडामा गठित वडास्तरीय कृषक सञ्जाललाई सक्रिय वनाई कृषि सम्बन्धी कार्यक्रमहरु अगाडि वढाईनेछ ।

६. स्थानीय लोपोन्मुख रैथाने वालीहरुको संरक्षण र प्रवर्द्धनका लागि गाउँपालिकास्तरीय **विउ बैंक**लाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन गरीने छ ।

७. कृषि क्षेत्रमा प्राकृतिक प्रकोप तथा रोग कीराबाट हुने क्षति न्यूनिकरणका लागि आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरीने छ । कृषि बीमा कार्यक्रमका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन साथै कृषि विमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरीने छ ।

८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकरण र व्यावसायिकरणमा विशेष जोड दिईने छ ।

९. अन्नपूर्ण गाउँपालिकामा अनुदानका कार्यक्रमहरु सञ्चालन गर्दा दर्ता भएका कृषि फर्म, कृषक समुह र कृषि सहकारीहरुलाई प्राथमिकतामा राखिनेछ ।

१०. विदेश छोडौ – कृषि व्यव्साय रोजौं भन्ने मुल नाराका साथ युवा लक्षित कार्यक्रम मार्फत नमूना कृषि फर्म स्थापना गरी सिकाई केन्द्रको रुपमा विकास गरीनेछ ।

११. अन्नपूर्ण गाउँपालिका अन्तर्गत रहेको कृषि अनुसन्धान केन्द्र लुम्लेबाट सञ्चालन गरीने बाह्य अनुसन्धानका कार्यक्रमहरु सम्भव भएसम्म अन्नपूर्ण गाउँपालिका क्षेत्रमा नै सञ्चालन गर्न आवश्यक पहल गरीने छ ।

१२. कफि खेति एवम् तरकारी खेति गर्ने किसानहरूलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

१३. उत्पादित कृषि उपजहरुको बजार व्यवस्थापनको लागि आवश्यक पर्ने क्षेत्रहरुमा संकलन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईने छ । साथै स्थापित संकलन केन्द्रको सुदृढीकरण र प्रभावकारी सञ्चालनमा विषेश जोड दिईनेछ ।

१४. बाँझो रहेको कृषि योग्य भूमिलाई उपयोगमा ल्याई कृषि क्षेत्रको समग्र उत्पादन र उत्पादकत्व वृद्धी गर्नका लागि बाझो जग्गामा खेती प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधी अनुसार कार्यक्रमहरु सञ्चालन गरीने छ ।

१५. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि साना सिँचाई, कुलो, थोपा सिँचाई, स्प्रिङ्कल र प्लाष्टिक पोखरीको निर्माण तथा प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१६. रैथाने बाली, प्राङ्गारिक कृषि र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्दै कृषि पर्यटनमा जोड दिईनेछ ।

१७. कृषक क्षमता विकास, तालिम साथै कृषक भ्रमण संचालन गरीने छ ।

१८. बेमौसमी तरकारी खेती मार्फत कृषकलाई आय आर्जन जोड्न एक घर एक टनेल कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. कृषकहरुलाई आफ्नो खेतबारीमा देखा पर्ने विविध रोग तथा किरा सम्बन्धी समस्याहरुको स्वयम् पहिचान गरी निराकरण गर्ने क्षमता विकास गर्न कृषक पाठशाला कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

२०. फलफूल तथा मसला बालीलाई प्राथमिकतामा राखि पालिका बाहिर निर्यात गर्नका लागि प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिईने छ ।

२१. आयतित तरकारीलाई निरुत्साहन गर्न र स्वस्थकर तरकारी उत्पादन र उपभोगलाई प्रवर्द्धन गर्दै स्थानीयको पोषणमा सुधार ल्याउन **एक घर एक करेसाबारी** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

२२. हिमाली र उच्च भेगहरुमा पाईने जडिबुटी, सतुवा, चिराइतो, स्याउ, दाँते ओखर, आरु, नासपती, किवी जस्ता फलफूल बिरुवाहरुको सम्भाव्यता अध्ययन, बगैचा स्थापना साथै प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पहल गरीने छ।

२३. अन्नपूर्ण गाउँपालिका भित्र पर्ने होटल तथा रेष्टुरेण्टमा रैथाने बालीको परिकार मेनुमा राख्न प्रेरित गरीनेछ।

२४. संघ तथा प्रदेश सरकारको समन्वयमा कृषिको यान्त्रिकरण, प्रशोधन तथा भण्डारण, चिस्यान केन्द्र, कृषि उपज खरिद केन्द्र स्थापना तथा संचालन गरीनेछ। अन्नपूर्ण गाउँपालिकामा निर्माणाधिन कोल्ड स्टोरलाई संचालनमा ल्याइनेछ।

२५. स्थानीय विशेषता भएका कृषि उपजहरूको पहिचान गर्दै जैविक तथा गुणस्तरयुक्त उत्पादनलाई प्रमाणीकरण गरी **अन्नपूर्णको उत्पादनको** ब्रान्डिङ गरी बजारीकरण गर्ने व्यवस्था मिलाईनेछ।

२६. **"उत्पादनको साथमा नगद हातमा"** भन्ने नाराको साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाईने नीति लिईनेछ।

२७. कृषिका कार्यक्रमहरु सञ्चालन गर्दा कृषि क्षेत्रमा कार्य गरीरहेका संघ संस्थाहरुसँग समेत समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

२८. कृषि विकास अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको अनुगमन, निरीक्षण साथै तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई विशेष जोड दिईनेछ।

**"गरौँ सवैले कृषि, ल्याऔँ घर घरमा समृद्धि"** भन्ने नाराका साथ कृषि पेशालाई सम्मानित पेशाको रुपमा अगाडी बढाइने छ। साथै उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरीनेछ।

२९. स्वस्थ माटो – स्वच्छ वालीनाली अभियान मार्फत माटो परीक्षण गरीनेछ। माटो सुधारका उपायहरु अवलम्बन गरीनेछ। कृषि बालीमा रोग पहिचान र निदानका लागि घुम्ती बाली रोग शिविर सञ्चालन गरीनेछ।

३०. किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्न, कृषि उत्पादनमा स्थिरता र आत्मनिर्भरता बढाउन र कृषकहरूलाई कृषि पेशामा थप प्रोत्साहन गर्न न्युनतम समर्थन मुल्यको व्यवस्था गरीनेछ।

३१. कृषक समुह तथा सहकारी मार्फत मौरीपालन कार्यक्रम सञ्चालन गर्ने र उत्पादित महको प्याकेजिङ र बजारीकरण गर्ने वातावरण सिर्जना गरी कृषकको आयस्तर उकास्ने नीति लिईनेछ।

३२. राष्ट्रिय नीतिका आधारमा गाँजा खेतिको अध्ययन, अनुसन्धान, तथा गाँजा खेति प्रवर्द्धनको लागि विशेष कार्यक्रम संचालन गरीनेछ।

३३. विपन्न, गरीव एवं साना कृषकहरु, एकल महिला, अपाङ्ता भएका परिवारलाई कृषि मार्फत आयआर्जनसँग जोड्न किसान उत्थान कार्यक्रम संचालन गरीनेछ।

३४. बाँदर आतङ्क नियन्त्रणका लागि बनजङ्गलमा फलफूलाका विरुवा रोपिने छन। अन्य विविध उपायहरु समेत खोज गरी कार्यान्वयन गर्न पहल गरीनेछ।

३५. पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउँदै आधुनिक नमुना पशुपन्छी तथा मत्स्यपालन फर्महरुको विकासमा विशेष जोड दिइने छ।

३६. परम्परागत भेडा, बाख्रा, गाई, भैंसीका घुम्ती गोठ तथा खर्कहरुलाई सुदृढ गर्दै पशु तथा पशुजन्य उत्पादनको प्रशोधन र व्यवसायीकरणमा जोड दिइने छ, निश्चित चरन क्षेत्रहरु निर्धारण गरी चरन क्षेत्रहरुमा स्थायी प्रकृतिका गोठ टहरा तथा पोखरी निर्माण कार्य अगाडी बढाउने नीति अवलम्बन गरीने छ।

३७. कृषकहरुको लगानी सुनिश्चितता र क्षती न्युनिकरणको लागी पशुपन्छी बिमा कार्यक्रमलाई प्रोत्साहन एवम् अवलम्बन गरीने छ।

३८. पशु आहाराको व्यवस्थापन र उत्पादन लागत कम गर्न व्यवसायीक घाँस खेतीमा जोड दिइने छ, घाँस खेति र नर्सरी स्थापना गर्न कृषक, कृषक समुह तथा व्यवसायिक कृषकहरुलाई आवश्यक सहयोग एवं समन्वय गर्ने तथा एजोला खेतीलाई प्रवद्धन गर्ने नीति अवलम्बन गरीने छ।

३९. मासुजन्य पदार्थको उत्पादन र आर्थीक उपार्जनको लागी व्यवसायिक कुखुरा पालक कृषकलाई कार्यबिधी -२०७९ को अधिनमा रही कुखुराका चल्ला खरीदमा २५% अनुदान प्रोत्साहन उपलब्ध गराउने नितीलाई निरन्तरता दिईने छ।

४०. दुग्ध उत्पादक सहकारीहरुलाई उत्पादन लागत कम गराउन र उत्पादनका आधारमा अनुदान रकम उपलब्ध गराउन दुग्ध विविधीकरणमा जोड दिने तथा थप दुग्ध चिस्यान केन्द्र स्थापना तथा बिस्तार गर्ने नीति अङ्गिकार गरीने छ।

४१. दुग्ध सहकारीहरुको माध्यमबाट दुध विक्रि गर्ने व्यवसायीक कृषक, पहिचान गरी व्यवसायमा थप प्रोत्साहन स्वरुप कार्यबिधी -२०७९ को अधिनमा रही प्रति लिटर रु.१ का दरले सहकारी मार्फत नगद अनुदान उपलब्ध गराइने नीतिलाई अवलम्बन गरीने छ।

४२. व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन फार्मलाई प्रोत्साहन गर्न पशुपालक कृषक तथा समुहलाई यान्त्रीकरण, भकारो सुधार, खोर निमार्ण सुधार, पोखरी तथा रेसवे निमार्ण सुधार कार्यका लागि प्रोत्साहन गरीने छ।

४३. पशुपन्छी तथा मत्स्यपालन व्यवसाय मार्फत रोजगार सृजना गरी युवाहरुलाई गाउँभित्रै स्वरोजगार बनाउन प्रतिस्पर्धी युवा स्वरोजगार प्रोत्साहन कार्यक्रम सञ्चालन गरीने छ, उत्कृष्ट कृषक एवम् पशुपन्छी पालन फार्मको छनौट गरी पुरस्कृत गर्ने नीति लिईने छ।

४४. पशुपालन कृषकहरुमा सीप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिई कृषक समुह, समिति, सहकारी, गैह्र सहकारी संस्था र गाउँपालिका बीच साझेदारी साथ विशेष कार्यक्रम सञ्चालन गरीने छ।

४५. व्यवसायिक किसानलाई सुचिकृत गरी दुध उत्पादनलाई वढावा गर्न पाडी, बाच्छी हुर्काउने कृषकहरुलाई संघ तथा प्रदेशसंगको समन्वय तथा सहकार्यमा प्रोत्साहन कार्यक्रमलाई अगाडी बढाइने छ।

४६. व्यवसायिक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न क्षमता विकास तालिम तथा प्रोत्साहनका साथै वैदेशिक रोजगारबाट फर्केका, दलित, जनजाति, महिला तथा विपन्न वर्गमा विशेष प्राथमिकता दिई पशुपन्छी विकास कार्यक्रम सहकार्यमा सञ्चालन गरीने छ।

४७. "**स्वस्थ पशुधन, समुन्नत अन्नपूर्ण किसान**" को नारालाई आत्मसाथ गर्दै जुनोटिक तथा महामारी किसिमका रोगहरु रोकथाम तथा नियन्त्रण गर्न पशुवस्तुमा पुर्ण खोप कार्यक्रम संचालन गरी सरुवा तथा जुनोटिक रोगहरुबाट हुने मानव स्वास्थ्यको जोखिम न्यून गरीने छ।

४८. पशुपालनका क्षेत्रमा आधुनिक प्रविधिहरु सुधार गर्न "**काम गरेर सिक्छ देखेर विस्वास गर्छ**" भन्ने नारालाई आत्मसाथ गर्दै व्यवसायिक कृषकहरुलाई अन्तर जिल्ला तथा नमुना पशुपालन फर्महरुको अवलोकन भ्रमण तथा क्षमता विकास कार्यक्रमहरु सहकार्यमा सञ्चालन गरीने छ।

४९. **"दुध उत्पादनको मुख्य आधार: कृत्रिम गर्भाधानद्धारा पशुमा नश्ल सुधार"** भन्ने नारालाई अङ्गिकार गर्दै गाईभैंसीको कृत्रिम गर्भाधान सेवा थप विस्तार गर्दै लगिने छ, प्राकृतिक गर्भाधान सेवालाई उच्च प्रजनन नश्लमा बिस्तार गर्दै लगिने छ।

५०. अन्नपूर्ण गाउँपालिका वडा नं. १,२,३,४,५ र ६ मा गाईभैसी पालन तथा दुध पकेट क्षेत्र तथा वडा नं. ४, ७, ८ र ९ मा बाख्रा पकेट क्षेत्र र वडा नं. १० र ११ मा भेडा बाख्रा तथा चौरी पकेट क्षेत्रको रुपमा विकास गर्दै कार्यक्रम अगाडी बढाइने निति लिइने छ।

५१. पशुपन्छीका रोगहरु परीक्षण, रोग निदान, औषधी बितरण तथा उपचार सेवालाई समय सापेक्ष बनाउँदै थप व्यवस्थीत र बिस्तार गर्दै लगिने छ ।

५२. स्वच्छ मासु उत्पादन र उपभोगको हकलाई टेवा पुर्याउन मासु पसलहरुको अभिलेखीकरण गुणस्तर कायम र व्यस्थापनमा विशेष जोड दिईने छ ।

५३. जैविक बिबिधता संरक्षण संवर्धन तथा उपयोग गरी रैथाने पशुपन्छीको संरक्षण गर्दै रैथाने पशुपन्छीको व्यसायिकरण गर्ने नीति अबलम्बन गरीने छ ।

५४. **"गोठ देखी ओठ सम्म स्वच्छ दुग्ध उत्पादन तथा उपभोग"** लाई साथ दिन प्रत्येक घरमा दुहुनो गाई/भैसी पालन गर्नको निम्ती कृषकहरुलाई प्रोत्साहन गरीने छ ।

५५. विरेठाँटीमा निर्मित एकीकृत पर्यटन सूचना केन्द्रलाई संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा पर्यटन सम्बन्धी अध्ययन अनुसन्धान केन्द्र तथा अन्नपूर्ण संस्कृतिक-पर्यटन अनुसन्धान केन्द्रको रूपमा क्रमश विकास गर्दै लगिनेछ ।

५६. टुरिष्ट ट्र्याकिङ प्रणाली Tourist Tracking System स्थापनाको कार्य अगाडि बढाइनेछ ।

५७. पर्यटन विकासलाई गाउँपालिकाको आर्थिक विकासको आधार मानी आन्तरिक तथा बाह्य पर्यटक आगमन बढाउन तथा उनिहरुको बसाई अवधी लम्व्याउनका लागि सूचना प्रविधिको माध्यमबाट प्रचार–प्रसार र पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गरीनेछ ।

५८. कायकिङ, क्यानोईङ, जीप लाइन, रक क्लाइम्बिङ, प्याराग्लाईडिङ जस्ता साहसिक खेलको सम्भावना खोजी, विकास र प्रवर्धनमा जोड दिइनेछ ।

५९. भूमे स्थान पार्क, तारे पहरो, ढिकुरपोखरी, घन्टी पोखरी, धारापानी शिवालय, पञ्चासे, शितलगुफा, मणिको डिल, सिद्ध थान, थाप्ले भुमेको थान, पौंउदुरकोट भूमे थान, कान्छी बराह, क्युप्चे बराह, जल बराह, मेश्रम बराह, थमडाँडा, मर्दी हिमाल बेस क्याम्प, अष्ट्रेलियन क्याम्प(ठूला खर्क), भुर्लिम डाँडा, मेश्रम ताल, मादले छहरा, माता अन्नपूर्ण, सांग्लाले बाँधेको ढुंगा, काँढे बराह, पोंरे ताल बराह, तौंजी बराह तातोपानी, भलांचे पार्क, १०८ धारा पोंचेनिम बराह, कुल बराह, हिडन लेक, तोल्न्यो ताल, तातोपानी कुण्ड लगायतका धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण धार्मिक, आरोग्य पर्यटन तथा पर्यटकीय स्थलहरुको विकासका लागि आवश्यक गुरुयोजना तयार गरीनेछ ।

६०. परम्परागत मह शिकार (Honey Hunting) लाई पर्यटनसँग जोड्नका लागि पर्यटकहरुलाई भिरमौरी मह शिकार मा प्रत्यक्ष संलग्न गराउन Honey Hunting Tour को योजना ल्याईनेछ ।

६१. पर्यटनमैत्री संकेत चिह्नहरू (Tourist Signage), नक्सा र सूचनापाटीहरू प्रमुख ट्रेकिङ मार्ग र गन्तव्यहरूमा जडान गरीनेछ, जसमा प्रत्येक स्थानको विवरण, इतिहास, दिशा र आवश्यक जानकारी समेटिएको QR कोड समावेश गरी पर्यटकहरूले स्मार्टफोनमार्फत सजिलै विस्तृत जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरीनेछ।

६२. स्थानीय कला संस्कृति र चाडपर्वको मौलिकता कायम राख्नका लागि आवश्यक कार्यक्रम सञ्चालन र सहकार्य गरीनेछ। साथै युवाहरूलाई पर्यटन क्षेत्रमा स्वरोजगार गराउनको लागि टुरिष्ट गाईड/पोर्टर तालिम सञ्चालन गरिनेछ।

६३. गाउँपालिका क्षेत्र भित्र नयाँ पर्यटकीय पदमार्ग, पर्यटकीय क्षेत्रहरुको पहिचान, निर्माण र शुल्क निर्धारण गरीनेछ।

६४. विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर क्षेत्रभित्र अनावश्यक गतिविधिहरु गर्न रोक लगाई आधार शिविरको मौलिकता र सुन्दरता कायम राखी आरोग्य केन्द्रको रुपमा विकास गरिनेछ।

६५. गाउँपालिका भित्रका सांस्कृतिक संग्रहालयहरुको विकासका लागि जोड दिइनेछ।

६६. अन्नपूर्ण म्याराथनलाई High Altitude Sport को रुपमा आवश्यक प्रचार र प्रवर्धन गरीनेछ। पञ्चासे रेस, मर्दी हिमाल म्याराथन र मेला महोत्सबलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरीनेछ।

६७. पर्यटन प्रवर्धनको लागि "भिजिट अन्नपूर्ण" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. चाँप, कटुस, उत्तिस, साल, खयर, टुनि जस्ता काठजन्य वस्तुहरुको उचित प्रयोग तथा व्यवस्थापनमा जोड दिईनेछ।

६९. सार्वजनिक, सहकारी र निजी लगानी अर्थतन्त्रको तीन खम्बे नीतिलाई आत्मसाथ गरीनेछ। साथै वन पैदावर सँग सम्वन्धीत उद्योग स्थापनामा आवश्यक सहयोग र समन्वय गरीनेछ।

७०. संघ र प्रदेश सरकारको सहकार्यमा कोदोबाट उत्पादित लोकल रक्सी उत्पादन र ब्रान्डीङ गर्न आवश्यक पहल गरीनेछ।

७१. सहकारी संस्थाहरुको साझेदारीमा नेतृत्व विकास तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरीने छ। सहकारी मार्फत युवाहरूलाई स्वरोजगारमा आकर्षित गरीने छ।

७२. सहकारी संस्था मार्फत हुने वित्तिय कारोवारलाई सुरक्षीत र भरपर्दो बनाउन गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सबै सहकारी संस्थाहरुको नियमित निरीक्षण तथा अनुगमन कार्यलाई निरन्तरता दिइने छ।

७३. सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरीनेछ ।

७४. निष्क्रिय तथा समस्याग्रस्त सहकारीहरूको पहिचान गरी सुधार तथा पुनर्संरचनाका कार्यक्रम सञ्चालन गरीनेछ र सुधार गर्न नसकिने संस्थाहरुको खारेजीको प्रकृया अगाडी बढाइने छ ।

७५. सहकारी संस्थाहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नका लागि गाउँपालिकाका कृषि, पशु तथा आयआर्जन सम्बन्धी कार्यक्रमहरुलाई कृषि तथा दुग्ध उत्पादक सहकारी संस्था मार्फत कार्यान्वयन गर्ने नीति अवलम्वन गरीनेछ ।

७६. सहकारी संस्थाका ऋणी सदस्यहरुबाट ऋण असुलिका लागि आवश्यक सहजिकरण गरीनेछ ।

७७. सहकारी संस्थामा नवप्रवर्द्धन र प्रविधि विकासमा सहयोग पुर्याउन डिजिटल प्रविधी प्रवर्द्धनाका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

७८. सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरीनेछ ।

७९. सहकारी दिवस, अन्तर्राष्ट्रिय सहकारी वर्ष तथा अन्य सहकारी सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी सहकारी शिक्षाको विस्तार गरीनेछ ।

८०. बिभिन्न वडामा रहेका लघु उद्यमी समुहहरुलाई व्यवसायिक बनाउनका लागि गाउँपालिकामा दर्ता गरी लघु उद्यम व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

८१. अति विपन्न घर परिवारको जिवनयापनको लागि आवश्यक न्युनतम आर्थिक सहयोग उपलब्ध गराउने निति लिईने छ ।

८२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई गरिबी निवारणको सशक्त माध्यमका रुपमा पहिचान गरी उक्त कार्यक्रमलाई गाउँपालिकाले अपनत्व लिई क्रमश आन्तरिकिकरण गर्ने नीति अवलम्वन गरीनेछ ।

८३. लघु उद्यमीहरुले उत्पादन गरेका वस्तुलाई बजारीकरण गर्नको लागि व्यापारिक फर्म तथा प्रतिष्ठान सगँ समन्वय गर्नुका साथै गाउँपालिकाबाट सञ्चालित कोसेली घर सञ्चालनमा ल्याईने छ ।

८४. लघु उद्यमीहरुको लागि आवश्यक उपयुक्त मेशिन औजार, हस्तान्तरण, नवपर्वतन, स्तरोन्नती तालिम, वजारीकरणका लागी कार्यक्रम सञ्चालन गरीनेछ ।

८५. वैदेशिक रोजगारीबाट फर्केका, बेरोजगार तथा रोजगारीको खोजीमा रहेका व्यक्ती, सिप सिक्न ईच्छुक व्यक्ती, स्वरोजगार सिर्जना गर्न, उद्यम गर्न ईच्छुक व्यक्ती, राज्यले विशेष

सहुलियत उपलब्ध गराउन सुचिकृत गरेको व्यक्ती वा समुहका लागि रोजगारी सिर्जना, सीप बिकास र उद्यमशिलता प्रवर्धन सम्बन्धि कार्यक्रम सञ्चालन गरीनेछ।

८६. जब म्याचिङ सेवा, व्यवसायिक परामर्श सेवा, सिफारिस तथा रेफरल सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ।

गाउँसभाका सदस्यज्यूहरू,

८७. विद्यालयहरुमा महिला शिक्षक र बालविकास सहयोगी कार्यकर्ता प्रसूति विदामा वस्दा प्रसूति विदा सट्टा शिक्षक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८८. विद्यालयको शैक्षिक गतिविधिहरुलाई व्यवस्थित, एकरुपता तथा समयबद्ध बनाउन शैक्षिक क्यालेन्डर निर्माण तथा वितरणको व्यवस्था गरीनेछ।

८९. प्रतिभा प्रस्फुटनका लागि पालिका स्तरीय विविध प्रतिभा पहिचानको कार्यक्रमहरु सञ्चालन गरीनेछ।

९०. शिक्षक, विद्यार्थी, अभिभावक र विविध सरोकारवालाहरुको सहभागितामा विविध कार्यक्रमका साथ शिक्षा दिवस मनाईनेछ।

९१. यस पालिकाका क्षेत्रभित्र ससर्त अनुदान पाउने ४९ बालविकास सहजकर्ता,१४ विद्यालय कर्मचारी र ५३ कार्यालय सहयोगी रहेका छन। पालिकाले आफ्नै स्रोतबाट व्यवस्थापन गरेको १० बालविकास सहजकर्ताको पारिश्रमिकमा न्यूनतम पारिश्रमिक पूरा गर्ने दायित्व स्थानीय तहमा निहित रहेकोले विगत वर्षहरु देखि नै पालिकाले न्यूनतम पारिश्रमिकको व्यवस्था गर्दै आएको छ। यस वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिन आवश्यक थप रकम विनियोजन गरीनेछ।

९२. शिक्षाका गतिविधिहरुलाई एकरुपता र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न, असल अभ्यासहरु आदनप्रदान गर्न मासिक रुपमा प्रधानाध्यापकको बैठकलाई प्रभावकारी बनाउनको लागि आवश्यक प्रबन्ध गरीनेछ।

९३. कक्षा ४ देखि ९ सम्मको परीक्षा पालिकास्तरीय रुपमा सञ्चालन गरीनेछ। विषयगत प्रश्नपत्र निर्माण सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गरेको विशिष्टीकरण तालिकामा रहेर प्रश्ननपत्र निर्माण कार्यशाला अनिवार्य गरीनेछ।

९४. बालविकास सहजकर्ता, शिक्षक एवम् विद्यालय कर्मचारीको क्षमता विकासको लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गरीनेछ।

९५. राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ ले व्यवस्था गरे अनुसार स्थानीय विषयबस्तु समेटिएको स्थानिय पाठ्यक्रम निर्माण गरी लागू गरीनेछ ।

९६. सामुदायिक विद्यालयको व्यवस्थापकीय पक्षको सुधार, मर्मत संम्भार र खेलमैदानको व्यवस्थापन, पोषणयुक्त र स्थानिय उत्पादनमा आधारित दिवा खाजा, बालमैत्री र लैङ्गिकमैत्री शौचालयको व्यवस्था जस्ता शैक्षिक गुणस्तर कायमको सूचक व्यवस्थापन गरीनेछ ।

९७. विद्यालयको सामाजिक परीक्षण तथा अन्तिम लेखा परीक्षणलाई वैज्ञानिक, पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरीनेछ । अन्तिम लेखा परीक्षणको लागि छनोट गरीएको लेखापरिक्षकलाई जिम्मेवार बनाइनेछ ।

९८. श्री मेश्रमवराह माध्यमिक विद्यालयमा मातृभाषाको पढाइलाई (गुरुङ भाषा) यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

९९. विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघको पदाधिकारिहरुको लागि क्षमता विकास तथा नेतृत्वदायी भूमिका सम्वन्धी कार्याशालाको आयोजना गरीनेछ ।

१००. नेपाल सरकारको ससर्त अनुदान र अन्य गैरसरकारी संस्थाले स्थापना गरेको विद्यालय पुस्तकालयको संरक्षण, व्यवस्थापन र प्रयोगका लागि माध्यमिक तहमा छुट्टै पुस्तकालय कर्मचारीको (लाइव्रेरियन) व्यवस्थापन गरीनेछ ।

१०१. पालिकास्तरिय बृहत शैक्षिक सामाग्री प्रदर्शनी मेलाको व्यवस्था गरीनेछ ।

१०२. पालिका अध्यक्ष, उपाध्यक्ष लगायत शाखागत कर्मचारीहरुको समन्वयमा विषयगत रुपमा स्वास्थ्य, कृषि, पशु, योग/आर्यूवेद, सूचना प्रविधि, रोजगारी तथा उद्यमशिलता सम्बन्धमा समसामयिक विषयमा कम्तिमा महिनामा एक पटक एक दिन एक विद्यालयमा अन्तर्क्रिया तथा नवप्रवर्धनात्मक कार्यक्रमको व्यवस्था गरीनेछ ।

१०३. सेनिटरी प्याड वितरण, प्रयोग र व्यवस्थापनका सन्दर्भ जोड्दै छात्राहरुमा हुने महिनावारीको समस्या तथा समाधानका विषयमा अन्तर्क्रिया साथै कानूनी सचेतनाका बारेमा छात्रासंग उपाध्यक्ष कार्यक्रम पालिकास्तरीय गरीनेछ ।

१०४. शिक्षा अनुगमन समिति/गाउँ शिक्षा समिति लगायत अन्य जनप्रतिनिधि मार्फत प्रत्येक विद्यालयमा नियमित रुपमा अनुगमन गरी पृष्ठपोषणको व्यवस्था गरीनेछ ।

१०५. विभिन्न विषयगत शिक्षाविद/विषयविज्ञहरुको संलग्नतामा विषयगत रुपमा आउने कठिनाईलाई सहजिकरणको लागि सुपरिवेक्षण कार्यक्रमको व्यवस्था गरीनेछ ।

१०६. विद्यार्थीमा कामको संस्कार र उच्च आत्मविश्वास बढाउन, पढाईलाई आय आर्जनसँग जोड्न पढ्दै कमाउदै कार्यक्रमलाई थप विस्तार र निरन्तरता दिईनेछ ।

१०७. जहाँ विद्यार्थी तहाँ शिक्षक भन्ने पालिकाको मूलनीतिलाई आत्मसात गर्दै भौगिलिक विविधता, जनसंख्या र विद्यार्थी संख्याका आधारमा विद्यालयको तह समायोजन र शिक्षक दरवन्दी मिलान गरीनेछ ।

१०८. प्रधानाध्यापकहरुलाई मासिक रुपमा भत्ताको व्यवस्थापनलाई निरन्तरता दिँदै पालिकाको लोगो अंङ्कित झोला वितरण गरीनेछ ।

१०९. अन्नपूर्ण बहु प्राविधिक शिक्षालयमा अन्य प्राविधिक विषय थप गरी अध्यापन गराउन पहल गरीनेछ । साथै विपन्न विद्यार्थीलाई छात्रवृत्तीको व्यवस्था गरीनेछ । मागमा आधारित प्राविधिक तालिमहरुलाई प्रभावकारी बनाइनेछ ।

११०. पालिका भरिको शैक्षिक मुखपत्र/शैक्षिक गतिविधि समेटिएको शिक्षकहरुको खोजमुलक लेखहरु, विद्यार्थीहरुको प्रतिभा लगायत शिक्षा शाखाबाट हुने कार्यको प्रतिवेदन तथा अभिलेखहरु र महत्वपूर्ण शैक्षिक आलेखहरु समेटिएको शैक्षिक बुलेटिन प्रकाशन गरीनेछ ।

१११. शिक्षासंग सम्बन्धित सरकारी तथा गैर सरकारी संघसंस्थाको विविध कार्यक्रमहरु गर्नु भन्दा पूर्व अनुमति लिएर समन्वय र साझेदारीमा गर्ने व्यवस्था गरीनेछ ।

११२. विद्यार्थीमा हुने विविध खालका तनाव व्यवस्थापन गरी सिकाई सहजकिरणमा सहयोग पुग्ने गरी विद्यालयमा योग शिक्षक फोकल पर्सन तोकी दैनिक १५ मिनेट योग/ध्यान र नैतिक शिक्षा लागू गरीनेछ ।

११३. करार शिक्षक छनोट गर्दा लाग्ने खर्चको व्यवस्थापन पालिकाले गर्दै आएकोमा यस आवमा पनि निरन्तरता दिइनेछ ।

११४. स्थानीय तह स्तरीय TEVT संञ्जालसंगको समन्वयमा विद्यालय स्तरीय एक तह एक सीप कार्यक्रमको लागि व्यवस्थापन मिलाईनेछ ।

११५. पालिका भित्र रहेका गरीव तथा विपन्न, अभिभावक विहिन, जेहेन्दार र गरीव विद्यार्थीको लागि कक्षा १० (SEE छात्रावास) र कक्षा ११/१२ तथा स्नातक र स्नात्कोत्तर अध्ययनमा अनुसन्धान (थेसिस) लेखनको लागि छात्रवृत्ती वितरण गरीनेछ ।

११६. निजी शिक्षकको लागि पोशाक भत्ताको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

११७. सुशासन तथा पारदर्शिता विद्यालयवाट कायम गर्ने नीति अनुरुप प्रत्येक माध्यमिक विद्यालयमा इलेक्ट्रोनिक्स हाजिरी व्यवस्थापन भैसकेकोमा यस आ.व.मा क्रमश आधारभूत तहमा व्यवस्थापन गरीनेछ ।

११८. बालबालिका देखि युवा तथा प्रौढलाई समेत उपयुक्त हुने गरी पालिकास्तरिय सवैलाई पायक पर्ने स्थानमा खुल्ला व्यायामशालाको निर्माण गरीनेछ ।

११९. विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यार्थी र शिक्षकलाई समग्र व्यवस्थापकीय पक्ष, नेतृत्वदायी भूमिका र वार्षिक परीक्षाको नतिजा, अतिरिक्त क्रियाकलापमा सहभागी र उत्कृष्ट सिकाई उपलव्धिका आधारमा प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२०. विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधी, सरकारी कर्मचारी तथा शिक्षकहरुलाई आफ्ना बालबालिका/छोराछोरीहरुलाई सामुदायिक विद्यालयप्रति गौरव गर्न र पढाउन प्रेरित निरन्तर गरीनेछ ।

१२१. बालबालिकामा हुने हरेक कार्यको निर्णयमा विद्यार्थी सहभागीतालाई सुनिश्चित गरी निर्णय क्षमतामा अवल बनाउन जिम्मेवारी वहन गर्न प्रेरित गर्ने प्रयोजनको लागि बालक्लव गठन तथा विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरीनेछ ।

१२२. अध्यक्ष शैक्षिक सुधार कार्यक्रम शिक्षक तथा विद्यार्थीको लागी आन्तरिक तथा बाह्य लघु भ्रमणको आयोजना गरीनेछ ।

१२३. विद्यालयको दिवा खाजालाई व्यवस्थित गर्न स्थानीय खानालाई प्रोत्साहन गर्दै जङ्‍कफुड खाजा निशेधित गर्ने । साथै ससर्त अनुदानको रकम २० मा ५ रुपैया थपगरी अपनत्व गर्ने नीति लिइनेछ ।

१२४. युवा लक्षित कार्यक्रम तथा खेल सञ्चालनको लागि पालिका स्तरिय युवा सञ्जाल र खेलकुद सञ्जालको गठन अद्यावधिक गरी व्यवस्थापन तथा परिचालन निरन्तर रुपमा गरीनेछ ।

१२५. गाउँपालिका स्तरीय खेलकुद विकास समितिको सक्रियतामा गाउँपालिकामा सञ्चालन हुने सवै प्रकारका खेलकुदका कार्यक्रमहरु सहकार्य र समन्वयमा सञ्चालन गरीनेछ । संघ तथा प्रदेश सरकारको सहकार्य र स्थानीय पालिका समन्वयमा गाउँपालिका भित्र एक बहुउपयोगी खेलमैदानको निर्माण गरीनेछ ।

१२६. पालिकामा विज्ञ शिक्षकको व्यवस्थापन गरिनेछ ।

१२७. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि स्थानिय तह र जिल्ला तहमा हुने खेलको व्यवस्थापन गरीनेछ ।

१२८. पालिकाको सवै वडाका युवा क्लवलाई पायक पर्ने गरी पालिका स्तरीय अध्यक्ष कपको आयोजना गरीनेछ ।

१२९. गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाइ प्रोत्साहित गरीनेछ । स्वास्थ्य बिमा कार्यक्रमबाट पालिका भित्रका सबै नागरीकलाई दिईदै आएको ७१.४३%

प्रिमियम रकमलाई बृद्धि गरी २०८३/०४/०१ देखि लागु हुने गरी शत प्रतिशत पुर्याईनेछ।

१३०. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवालाई थप प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न बनाइनेछ। बर्थिंङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको पर्याप्त व्यवस्था गरी संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र घरैमा प्रसुति हुने प्रचलनलाई पूर्णतया निरुत्साहित गरिनेछ | आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै आवश्यकता र सेवा केन्द्रको नक्सांकन गरी बर्थिंङ सेन्टर मार्फत आकस्मिक प्रसुति सेवा (Emergency Obstetric Care) क्रमशः विस्तार गर्दै बार्षिक रुपमा ५ जना भन्दा कम सुरक्षित सुत्केरी सेवा दिने केन्द्रलाई केवल जाच र प्रेषण गर्ने केन्द्रको रुपमा मात्र राख्ने नीति लिइनेछ | साथै सुत्केरी भेटघाट कार्यक्रममा जाँदा एक पटकको लागि सरसफाईको सामाग्री सहितको प्याकेट उपहार स्वरूप दिने व्यवस्था गरीनेछ |

१३१. पालिका भित्र रहेका गर्भवतीहरुको सम्बन्धित स्वास्थ्य संस्थामा गई भिडियो एक्सरे मेशिन द्वारा गर्भ जाँच तथा आवश्यक ल्याब सेवा सञ्चालनका लागि साप्ताहिक, पाक्षिक र मासिक रुपमा क्यालेन्डर बनाई सेवा सञ्चालन गरीनेछ |

१३२. सविधानले निर्देश गरे अनुसारको आवश्यक नीतिगत, वित्तीय र व्यवस्थापकीय माध्यमद्वारा गाउँपालिका क्षेत्र भित्रको स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरीनेछ |

१३३. आपतकालिन मातृ तथा शिशु स्वास्थ्य व्यवस्थित गर्न गाउँपालिकामा “आपतकालिन सुरक्षित मातृत्व कोष” स्थापना गरीनेछ साथै कुनै पनि १२- ५५ वर्ष उमेर भित्रका महिलाको मृत्यु भएमा गरीने सूचना प्रणाली (MPDSR ) कार्यक्रमलाई महिला स्वास्थ्य स्वयमसेवक मार्फत सम्पूर्ण वडाहरुमा पुर्याइनेछ |

१३४. पूर्ण खोप, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाँउघर क्लिनिक जस्ता सेवालाई व्यवस्थित गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक नीति लिईनेछ, खोपद्वारा रोकथाम गर्न सकिने रोगहरुको रोकथामको लागि नयाँ खोपहरुको शुरुवात गरीनेछ | गुणस्तरीय खोपको प्रवर्ध्दनको लागि कोल्ड चेन कायम राख्न गाउँपालिकामा रहेको एक मात्र भ्याक्सिन सब सेन्टरलाई थप सुध्रिढ बनाई कोल्ड चेन गुणस्तर सुनिश्चित गरीनेछ |

१३५. यस पालिकाको एक मात्र १५ शैय्याको आधारभूत अस्पताल मिति २०८२/०१/०१ देखि पालिका भित्रकै स्वास्थ्यकर्मीहरुको ब्यबस्थापनबाट संचालन गरीएकोमा आगामी बर्ष बाट चिकित्सक र रेडियोग्राफर सहितको जनशक्ति ( संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा) थप गरी स्वास्थ्य बिमा कार्यक्रम संग समन्वय गरी आधारभूत स्वास्थ्य सेवा पाउने जनताको अधिकारलाई सुनिश्चित गरीनेछ, साथै पोखरामा रहेका बिशेषज्ञ सेवा प्रदान गरेका अस्पताल संग समन्वय गरी साप्ताहिक बिशेषज्ञ सेवा समेत प्रदान गर्न पहल गरीनेछ, साथै अन्नपूर्ण आधारभूत अस्पताललाई स्वास्थ्य बिमाको प्रथम बिन्दु कायम गर्न पहल गरीनेछ |

१३६. भौगोलिक र जनसङ्ख्याको अनुपातका आधारमा बढीमा ३० मिनेटको दूरीमा स्वास्थ्य संस्था हुनुपर्ने अवधारणालाई सफलिभूत बनाउन सबै वडामा स्वास्थ्य चौकी स्थापना भईसकेकोले, स्वास्थ्य संस्था नभएको जनसंख्या र भूगोलको आधारमा स्वास्थ्य संस्था स्थापना गर्नुपर्ने आवश्यक ठाउँमा स्वास्थ्य संस्था स्थापना गरीनेछ साथै सम्पन्न भैसकेका स्वास्थ्य संस्थाहरुलाई साधन स्रोत सम्पन्न गरी सबै स्वास्थ्य संस्थामा जनशक्तिको व्यवस्था गरीनेछ ।

१३७. सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न, शारिरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरीनेछ।

१३८. परिवार स्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरीनेछ। युवा तथा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरूमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसंग समायोजन गराइनेछ। प्रजनन् स्वास्थ्य सम्बन्धी ऐन मार्फत प्रजनन स्वास्थ्य अधिकार सुनिश्चीत गरीनेछ।

१३९. ग्रामिण क्षेत्रमा रहेका महिलाहरुको स्तन तथा पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी शिबिर संचालन गरीनेछ |

१४०. विद्यालयमा प्राथमिक स्वास्थ्य सेवा विस्तार गरिनेछ र बिद्यालयहरुमा स्वास्थ्य शिक्षाका कक्षाहरु संचालन तथा विद्यार्थीहरुको सामान्य स्वास्थ्य परिक्षण गर्ने गरी योजना बनाईनेछ |

१४१. कुनै पनि नागरीक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराउने नीति लिईनेछ।

१४२. प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरुबाट अनुप्राणित प्रवर्धनात्मक, प्रतिरोधात्मक निरोधात्मक सेवामा दिईआएको प्राथमिकतालाई कायमै राख्दै स्वास्थ्य क्षेत्रको जनस्वास्थ्य अभिमुखिकरणलाई अझ सुदृढ गरीनेछ।

१४३. स्वास्थ्य सेवाहरु सर्वसुलभ, प्रभावकारी र गुणस्तरिय बनाउन जनसंख्या, भूगोल अनुरुप दरबन्दी, स्वास्थ्य उपकरण र पूर्वाधारको व्यवस्था गरिनेछ। साथै उत्कृष्ट कार्यक्षमता भएका संस्था तथा सेवाप्रदायकलाई प्रोत्साहन गरीनेछ।

१४४. गुणस्तरीय औषधिको सहज तथा प्रभावकारी आपूर्तिको लागि आवश्यक व्यवस्था अवलम्बन गरिनेछ।

१४५. संक्रामक रोगको नियन्त्रण र जनस्वास्थ्य प्रणालीको सुदृढिकरण विचको अन्तर सम्बन्धलाई घनिभूत बनाइनेछ।

१४६. क्षयरोग, औलो, एच.आई.भी एड्स, कुष्ठरोग, कालाजार, डेंगु लगायतको उपेक्षित ट्रपिकल रोगहरु, हात्तीपाइले, जापानीज इन्सेफाइलाइटिस, स्क्रब टाईफस, रेबिज लगायत अन्य महामारी रोगको रोकथाम र नियन्त्रणका लागि सबै स्वास्थ्य निकायहरु र समुदायको तयारी अवस्थाको र तत्काल प्रतिकृया गर्ने क्षमताको विकास गरीनेछ।

१४७. नसर्ने रोगहरुको उपचारलाई प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गर्नुका साथै आयुर्वेद र अन्य उपचार पद्धतिलाई नसर्ने रोगहरुको रोकथाम, उपचार र नियन्त्रणको लागी एकिकृत गरीनेछ।

१४८. सुर्तीजन्य पदार्थको नियन्त्रणको लागी सार्बजनिक स्थलहरुमा सूचना टाँस गरी नियमन गरीनेछ|

१४९. गुणस्तरीय स्वास्थ्य पोषण एवम् स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवर्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ।

१५०. विपद तथा दुर्घटनाबाट हुने चोटपटकको शिघ्र उपचारका लागि एम्बुलेन्स सेवा विस्तार गरीनेछ।

१५१. सडक दुर्घटना बाट हुने क्षति न्यूनीकरण गर्न राजमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरुलाई संघ र प्रदेश सरकारको सहयोगमा थप सुदृढ गरीनेछ|

१५२. जलवायु परिवर्तन तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधान गर्न विपद तयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरुबिच अन्तरक्षेत्रिय समन्वय गरीनेछ।

१५३. मानसिक स्वास्थ्य शिक्षा कार्यक्रमलाई शिक्षण संस्था र समुदाय मार्फत एक अभिन्न अंगका रुपमा प्रवाहित गरीनेछ।

१५४. अपांगमैत्री स्वास्थ्य पूर्वाधार विकास गरी स्वास्थ्य सेवामा अपांगता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गरीनेछ।

१५५. नर्सिङ तथा मिडवाइफ्री सेवा र मध्यमस्तर स्वास्थ्यकर्मीहरु सहज, सुलभ एवम् प्रभावकारी रुपमा जनताको पहुचमा पुर्याउन बर्थिङ सेन्टरको क्षमता विकास, आवश्यक दक्ष नर्सिंङ जनशक्तिको पेशागत वृत्तिविकास र तालीमद्धारा सेवाको गुणस्तरमा बृद्धि गरीनेछ।

१५६. महिला स्वास्थ्य स्वयसेविकाहरूलाई प्रोत्साहन बापतको मासिक यातायात खर्च, खाजा खर्च र पोशाक खर्चलाई निरन्तरता दिईएको छ। राष्ट्रिय कार्यक्रममा खटेबापत थप खाजा खर्च उपलब्ध गराइनेछ|

१५७. महिला स्वास्थ्य स्वयंसेविका मार्फत २ वर्ष मुनिका बालबालिकाको पोषण अवस्था पत्ता लगाउन मासिक रुपमा तौल लिई स्वास्थ्य संस्थामा प्रतिबेदन पेस गर्ने थालनी गरीनेछ|

१५८. असल अभ्यास आदानप्रदानको लागि सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरीनेछ|

१५९. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन प्राविधिक शिक्षालय, प्रतिष्ठान लगायत विभिन्न अनुसंधानमा संलग्न संस्थाहरुलाई प्रोत्साहित गरी स्वास्थ्य अनुसंधानको क्षमता अभिवृद्वी गर्दै लगिनेछ।

१६०. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा बृद्धि गरी प्रमाणमा आधारित नीति तथा योजना बनाइनेछ ।

१६१. दूर चिकित्सा प्रणाली, विद्धुतीय स्वास्थ्य प्रविधी साथै आधुनिक प्रविधिलाई अवलम्बन गरी स्वास्थ्य सेवालाई सुदृढ बनाउन संघ, प्रदेश र स्थानीय तहका सेवाहरुबिच घनिष्ट सम्पर्क तथा दोहोरो प्रेषण प्रणाली स्थापित गरीनेछ ।

१६२. सामुदायिक लगायत सबै स्वास्थ्य संस्थामा सबै तहमा मानव तथा पशुपंक्षीमा प्रतिजैविक औषधिहरुको प्रभावकारीतामा प्रतिरोध बढ्दै गएकोले यसका लागि निरोधात्मक तथा रोकथामका लागि आवश्यक कदम चालिनेछ ।

१६३. बढदै गरेको मुखरोग सम्बन्धि समस्यालाई सम्बोधन गर्न मुख सम्बन्धी स्वास्थ्यलाई विशेष महत्वका साथ प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पतालको सेवासम्म नागरीकको पहुच सुनिश्चित गरीनेछ ।

१६४. जनताले पिउने पानीको गुणस्तर जाच गरी नतिजाको आधारमा आवश्यक कदम चालिनेछ |

१६५. पालिका स्तर तथा वडा स्तरमा गठन गरीएका खाध्य सुरक्षा निर्देशक समितिहरुलाई सक्रिय गराई अनुगमनको क्षेत्र विस्तार गरीनेछ |

१६६. सबै स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेको बिधुतिय अभिलेख तथा प्रतिबेदनको प्रणालीलाई निरन्तरता दिइनेछ |

१६७. मुटु, मृर्गौला, क्यान्सर आदि जस्ता नसर्ने रोगका कारण पिडित नागरीक र आश्रित परिवारहरुको जिबन सहज र सरल बनाउन बिशेष योजना ल्याइनेछ |

१६८. सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी कम्तिमा १ वटा अक्सिजन सिलिन्डर व्यवस्थापन गरीनेछ |

१६९. सबै स्वास्थ्य सस्थाहरुमा आवश्यक प्रशासनिक खर्चको व्यवस्थापन गरीनेछ |

१७०. स्वास्थ्य कार्यक्रम संग सम्बन्धित अन्य शाखाका क्रियाकलापहरुलाई एक अर्कासंग जोडी सहकार्यमा सम्पादन गरीने नीति लिईनेछ |

१७१. वडा वडामा नियमित रुपमा सञ्चालन हुँदै आयको आयुर्बेद गाउँघर किल्निक तथा नसर्नेरोग व्यवस्था कार्यक्रमलाई प्रभाबकारी बनाई योग ध्यान तथा वडामा वास्प स्वयेदन बिधिबाट उपचारको व्यवस्था मिलाईने छ ।

१७२. गाउँपालिकाका वडा वडामा गठन गरीएको नागरीक आरोग्य समूहलाई अघिल्लो आ.व.मा दिईएको जडिबुटि, योग तथा आयुर्बेद सम्बन्धी बिभिन्न तालिममा महिला स्वयंसेवीका लाई समेत साथमा लिई प्रभाबकारी बनाई "मेरो स्वास्थ्य मेरो जिम्मेबारी" भन्ने अभियानका साथ निरोगि गाउँपालिका अभियान सञ्चालन गरीने छ ।

१७३. आयुर्बेद जेष्ठनागरीकका लागी स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम सञ्चालन गरी असक्त जेष्ठनागरीकहरुलाई घर घरमा सेवा पुर्याउने नीति लिईनेछ ।

१७४. जडिबुटी चुत्रो (दारुहरिद्रा), तेजपात, गुर्जो, दालचिनी लगायत जडिबुटी संकलन गरी कार्यालयमा नै जडिबुटी चिया निर्माण गरी निःशुल्क बितरणको ब्यबस्था मिलाईने छ।

१७५. स्तनपायी आमाका लागी दुग्धवर्धक जडिबुटी जन्य कार्यक्रम सञ्चालन गरी स्वास्थ्य जिबन शैली स्वास्थ्य आहार बिहार तथा अर्गानीक खानपान बारे स्वास्थ्य शिक्षा प्रदान गरीनेछ।

१७६. विद्यालयमा आयुर्बेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१७७. स्थानीय सञ्चार माध्यम सँग समन्वय गरी गाउँपालिकाका धार्मिक तथा संस्कृतिक स्थानहरुको प्रचारप्रसारका लागि कार्यक्रम सञ्चालन गरीने छ। उत्कृष्ट पत्रकारिता पुरस्कार स्थापना गरी जिम्मेवार तथा गुणस्तरीय पत्रकारितालाई प्रोत्साहन गरीने छ।

१७८. गाउँपालिकाका स्थायी वासिन्दा राष्ट्रियरुपमा भएका विभिन्न राजनीतिक लगायतका अन्य आन्दोलनमा देशका लागि प्राण आहुती दिने शहिदहरुको सम्मान र सम्झनाका लागि शहिद स्मारक एवम् विभुती पार्क निर्माण गरीने छ।

१७९. वडा नं ६ स्थित लुम्ले गाउँलाई कविता, कला र संगीतको सृजनाग्रामको रुपमा विकास गरीने छ।

१८०. गाउँपालिकाको आदर्श वाक्य कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार" मा आधारित रहेर मौलिक पहिचान, भाषा संस्कृति, पर्यटन प्रवर्धन र उत्प्रेरणा गर्ने गरी सन्देश मुलक गित, रचनाहरु एवम् वृत्तचित्र तयार गरीने छ।

१८१. संस्कृत अध्ययन अध्यापनको लागि अनौपचारिक कक्षाको व्यवस्था गर्नुका साथै, सबै समुदायमा सञ्चालन हुने पुरोहित पेसालाई अझवढी मर्यादित र आकर्षक वनाउन पहल गरीने छ।

१८२. गाउँपालिकाका भित्र परम्परागत प्राचिन मौलिक भाषा, भेषभुषा, संस्कृती, साहित्य, संगित, गायन र कला क्षेत्रको पहिचान संरक्षण गर्नका लागि गाउँपालिकास्तरीय अन्नपूर्ण प्रज्ञा प्रतिष्ठान गठन तथा परिचालन गरीने छ।

१८३. घाटु, सोरठी, कृष्ण चरित्र, हरितालिका तिज, ट्होटे पर्व, छ्याडु, सरून नाच, पुरव्यौली नाच, भजन, चुड्का, रत्यौली, उद्यौली, उभौली जस्ता सांस्कृतिक सम्पत्ति तथा परम्परागत पञ्चेबाजा तथा अन्य लोकबाजाहरुको संरक्षणमा जोड दिइनेछ।

१८४. पुरातात्विक महत्वको स्थान र सामग्रीको पहिचान तथा संरक्षणका लागि सांस्कृतिक सङ्ग्रहालय स्थापनामा उचित पहल गरीनेछ।

१८५. परम्परागत पानी घट्ट, ढिकी, जाँतो, कुवा, पोखरी र चौतारी संरक्षण प्रवर्धन गरीने छ। साथै परम्परागत आरन सुधारका लागि प्रोत्साहन गरीनेछ।

१८६. अन्नपूर्ण गाउँपालिकाका लोक-कला, साहित्य, सँस्कृती, भेषभुषा सहित खेलकुदको प्रदर्शन हुने गरी गाउँपालिका स्तरीय महोत्सव सञ्चालन गरीने छ।

१८७. सामाजिक कुरिति अन्त्य गर्न गाउँपालिका र कार्यरत संघ संस्थाहरुसँग सहकार्य र समन्वय गरी सचेतनाका कार्यक्रको माध्यमबाट सामाजिक रुपान्तरण गरीने छ।

१८८. अपाङ्गता भएका व्यक्तीहरु र गाउँपालिका अन्तर्गतका ज्येष्ठ नागरीकहरुलाई वितरण गर्दै आएको परिचयपत्र वितरण कार्यलाई डिजिटाईजेसन गरीनेछ।

१८९. महिलाहरुको समान पहुँच सहभागिताका लागि नेपाल सरकारले निर्धारण गरेको आधारमा सबै क्षेत्रमा महिला सहभागितालाई सुनिश्चित गरीने छ।

१९०. बाल सञ्जाल मार्फत बालबालिका र किशोर किशोरीको शैक्षिक, बौद्धिक र सर्वाङ्गिक विकासको विभिन्न कार्यक्रम सञ्चालन गरीने छ। साथै बालकोषलाई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइने छ।

१९१. लक्षित वर्ग, सिमान्तकृत वर्ग साथै महिलाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरी उद्धमी बनाउनुको साथै सिप सिकाउनमा जोड दिइने छ। यस्ता कार्यक्रम वडास्तरमा महिला संजाल मार्फत निरन्तर सञ्चालन गरीने छ।

१९२. गाउँपालिका र लक्षित वर्गका समुदायहरु बिच समन्वय कायम गरी सुमधुर सम्बन्ध स्थापना गर्नको लागि गाउँपालिकासँग महिला कार्यक्रम सञ्चालन गरीने छ।

१९३. दलित, आदिवासी, जनजाती सिमान्तकृत वर्गहरुको परम्परागत सीप विकास, भेषभुषा, भाषा लिपि तथा संस्कतिको संरक्षण गरीने छ।

१९४. संविधान प्रदत्त अधिकार अन्तर्गत समान कामको समान ज्यालाको नीति अवलम्बन गरीनेछ।

१९५. अन्तरपुस्ता सीपको हस्तान्तरण लागि ज्येष्ठ नागरीकसँग भएको अनुभव र सिपलाई पहिचान गरी नयाँ पुस्ताले परम्परागत सिप सिक्ने वातावरण तयार गरीने छ।

१९६. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नको लागि आवश्यक प्रवन्ध गरी बालमैत्री वडा घोषणा गर्ने नीति अवलम्बन गरीनेछ।

१९७. अपाङ्गता भएका व्यक्तिहरुको अवस्था र क्षमताको आधारमा विभिन्न आर्यआर्जन र सहजताका लागि विभिन्न सहायता सामग्री वितरण कार्यत्रक्रमहरु सञ्चालन गरीनेछ र सो प्रकृतिका व्यक्तिहरुलाई पालिका र वडाबाट दिईने सेवाहरुमा पचास प्रतिशत छुट गरीने छ।

१९८. ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिलाई आर्थिक एवम् सामाजिक शसक्तिकरणका लागि जीविकोपार्जन कार्यक्रमहरु संचालन गरीनेछ।

१९९. अभिभावक नभएका, संरक्षक विहिन, असहाय, मानसिक सन्तुलन गुमाएका बालबालिकाहरुको पालनपोषण, शिक्षा, जीवनयापनका लागि आवश्यक सेवा तथा सहयोग प्रदान गर्ने नीति लिइनेछ।

२००. सार्वजनिक स्थल र सामाजिक सञ्जाल र समाजमा कुनै पनि व्यक्तिबाट गरीने बोली, व्यवहार, लेखाइ, भाषाशैली र आचरणप्रति संवेदनशीलभई लैगिंकमैत्री, बालमैत्री,

अपांगतामैत्री र समावेशीमैत्री व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरु अगाडि बढाइने छ।

२०१. छुवाछुतमुक्त तथा लैगिक हिंसामुक्त र समावेशी समाज अभियान साकार पार्न स्थानीय समुदायलाई नै परिचालन गरीनेछ।

२०२. गाउँपालिकामा दर्ता भएका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई उत्पादन र उधमशिलता मार्फत रोजगारी सृजना तथा सीप बिकास तालिमको प्रत्याभुति गराइनेछ।

२०३. वैदेशिक रोजगारमा जान चाहने तथा फर्किएका श्रमिकलाई सूचना, परामर्श, पुनःएकीकरण तथा उद्यमशीलता विकास सेवाहरू उपलब्ध गराइनेछ।

२०४. तालिम प्रदायक संस्था तथा रोजगारदातासँग समन्वय गरी बजारमुखी र मागमा आधारित सीप विकास तालिम सञ्चालन गरीनेछ।

२०५. रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवाहरूलाई डिजिटल प्रणालीमा आबद्ध गरी तथ्याङ्क व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२०६. वित्तीय साक्षरता अभिवृद्धि तथा बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी वित्तीय पहुँच विस्तार गरीनेछ।

२०७. पालिका भित्र रहेका लक्षित वर्ग, रोजगारदाता र तालिम प्रदायक संस्थाको दर्ता, प्रोफाइल तयारी र एकीकृत तथ्याङ्क व्यवस्थापन गरीनेछ।

२०८. आप्रबासी कामदार तथा तिनीहरुका परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिइनेछ।

२०९. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरु सञ्चालनको लागि वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरुलाई सिपमुलक तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सम्बन्धित निकायसँग समन्वय गरीने छ।

२१०. सुरक्षित वैदेशिक रोजगारीको लागि सूचना तथा जानकारीको लागि अधिकतम रुपमा प्रविधिको प्रयोग गरीने छ।

२११. वैदेशिक रोजगारीलाइ सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन थप पहल गरीने छ।

२१२. वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको सिप पुँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्याइने छ।

२१३. वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गुमाएका परिवारका सन्तानहरुले वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त गर्ने पूर्ण आर्थिक सहायता तथा छात्रबृत्ति सहायता प्राप्त गर्न आवश्यक सहजिकरण गरीने छ।

२१४. सुरक्षित वैदेशिक रोजगार सम्बन्धि चेतनामुलक होर्डिङ बोर्डहरु सार्वजनिक स्थलमा राख्ने व्यवस्था गरीने छ ।

२१५. मनोसामाजिक परामर्श कार्यक्रमलाइ विद्यालयका बालबालिकाहरुसम्म पुर्याउने कार्यलाइ विस्तार गरी सबै विद्यालयहरुमा पुर्याइने छ ।

२१६. वैदेशिक रोजगारीको क्रममा दुर्घटना तथा मृत्यु भएका कामदारका परिवारको आर्थिक सहायताको लागि आवश्यक सहजिकरण गरीने छ ।

२१७. वैदेशिक रोजगारीमा गएका परिवारलाइ सञ्चालन गरीएको वित्तिय साक्षरता कक्षालाइ थप गरी प्रत्येक समुदाय र घर परिवारसम्म पुर्याइने छ ।

२१८. वडा स्तरीय आप्रवासी श्रमिक सञ्जाल गठनलाइ विस्तार गरी गाउँपालिकाका सबै वडाहरुमा पुर्याइने छ ।

२१९. गाउँपालिकास्तरीय आप्रवासी कामदार सञ्जाललाइ थप सशक्तीकरण गरी र उत्पादन र आय आर्जनमा जोडिने छ ।

२२०. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको निशुल्क सिप परिक्षणको लागि सरोकारवाला निकायहरुसँग समन्वय गरीने छ ।

२२१. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाइ सिप तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जाने व्यवस्थाका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरीने छ ।

२२२. स्थानीय तहबाट नै श्रम स्वीकृतिको प्रकृयालाइ अझै प्रभावकारी र सेवाग्राहीमैत्री बनाइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू**,

२२३. यस गाउँपालिकाबाट प्रवाह **गरी**ने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउँदै ना**गरी**कमैत्री सेवा प्रवाहको वातावरण सृजना **गरी**नेछ ।

२२४. श्रावण महिना भित्र नीति तथा कार्यक्रम तथा वजेटको कार्यान्वयनको लागि कार्यान्वयन कार्ययोजना तथा कात्तिक महिना भित्र आवश्यक पर्ने सवै निर्देशिका, मापदण्ड, कार्यविधी लगायतका कानुनहरु तर्जुमा **गरी**नेछ ।

२२५. "म सेवा गर्छु" भन्ने नारा सहितको हेल्प डेक्स (सेवाग्राही सहायता कक्ष) को व्यवस्थालाई निरन्तरता दिई सेवा प्रवाहलाई सहज तथा प्रभावकारी वनाउन एकद्वार प्रणालीको अवलम्वन **गरी**नेछ ।

२२६. सेवा प्रवाहलाई ना**गरी**क मैत्री वनाउनको लागि मुस्कान सहितको सेवा प्रवाह (कार्यालयमा प्रवेश तथा वहिर्गमन हुँदा समेत) लाई निरन्तरता दिइनेछ ।

२२७. राष्ट्र र जनता प्रति सम्मान व्यक्त गर्न २०८० साल वैशाख देखि सुरु **गरी**एको राष्ट्रिय गान तथा २०८१ साल माघ देखि सुरु गरीएको पालिका गान सहितको कार्यालय सुभारम्भ कार्यलाई गाउँपालिका मातहतका सबै कार्यालयहरूमा लागु गरीनेछ।

२२८. कार्यरत कर्मचारीहरुको कार्य **प्रकृया**लाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवम् सबै कर्मचारीहरु बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवम् नतिजामुलक बनाइने छ । साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ। “Right man in Right place in Right time” को नीति अवलम्बन **गरी**नेछ।

२२९. जनताको घरदैलोमा सेवा उपलब्ध गराउनका लागि विभिन्न समयमा घुम्ती सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ।

२३०. गाउँपालिकाको क्षमता विकास योजना कार्यन्वयन मार्फत कर्मचारी तथा जन-प्रतिनिधीहरुको क्षमता अभिवृद्धि **गरी**नेछ।

२३१. भ्रष्टाचार**,** अनियमितता तथा दुरुपयोग नियन्त्रणका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरीनेछ।

२३२. अन्नपूर्ण गाउँपालिकाको कृषि, पर्यटन, शिक्षा लगायत बिभिन्न क्षेत्रमा विशिष्टीकृत योगदान पुर्याउने व्यक्ति वा संघसंस्थालाई उचित सम्मान गरिनेछ।

२३३. करार तथा अस्थाई प्रकृतिका कर्मचारीहरुको सेवा सुविधामा समय सापेक्ष वृद्धि गर्दै सामाजिक सुरक्षा कोषमा आवद्धता गर्न आवश्यक पहल गरिनेछ।

२३४. स्थानीय लोकतन्त्रको सुदृढिकरणमा जोड दिइने छ। प्रमुख मुद्दाहरुमा राजनैतिक तथा सर्वपक्षीय सहमती र सहकार्य **गरी**ने छ।

२३५. तिन पाङ्ग्रे सवारी साधन सञ्चालनको लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरीनेछ।

२३६. पत्राचार, फाइल व्यवस्थापन तथा अभिलेखलाई क्रमशः डिजिटल प्रणालीमा रुपान्तरण गर्दै लगिने छ।

२३७. सूचना प्रविधिको प्रयोग बढाई विद्युतीय शासन (E-Governance) लाई प्रवर्द्धन गरीनेछ।

२३८. कृत्रिम बुद्धिमत्ता (AI) तथा नवीन प्रविधिको प्रयोगमार्फत प्रशासनिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ।

२३९. योग्यता, क्षमता र म्यारिटका आधारमा नियुक्ति तथा पदोन्नति प्रणाली लागू गर्ने।

२४०. "सामाजिक सद्भावका लागि निष्पक्ष निरुपण" को उद्देश्य साथ गाउँपालिकावासी नागरीकहरुका बिचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका विवादहरुको निष्पक्ष र प्रभावकारी निरुपण गर्नका लागि न्यायिक समितिको सशक्तिकरण गर्दै गाउँपालिका अन्तर्गत सूचिकृत मेलमिलापकर्ताहरुलाई सामाजिक सदभाव र मेलमिलाप कायम गर्ने दुतको रूपमा प्रयोग गरी न्याय सम्पादन गरीनेछ।

२४१. "छिटोछरितो न्यायका लागि संरचना र स्रोत" को उद्देश्य साथ न्यायिक समितिलाई थप पूर्वाधारयुक्त बनाइ दक्ष जनशक्तिको व्यवस्था गरी छिटोछरितो न्याय सम्पादन गरीने छ ।

२४२. "कानुनी चेतना—न्यायिक सशक्तिकरणको जड" को लक्ष्य साथ कानुनी सचेतना र कानुन सम्बन्धी अभिमुखीकरण गर्न प्रत्येक वर्गसँग न्यायिक समिति कानुनी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीने छ।

२४३. "व्यवस्थित इजलास, प्रभावकारी न्याय" सहित न्यायिक समितिबाट सम्पादन गरीने न्यायिक निरुपण कार्यलाई शिघ्र एवम् प्रभावकारी रुपमा सम्पन्न गर्नका लागी न्यायिक इजलासलाई थप व्यवस्थित गर्दै लगिने छ।

२४४. सक्रिय मेलमिलापकर्ताहरूलाई थप सशक्त बनाउँदै कार्यसम्पादनमा कमजोर वा निष्क्रिय भएका मेलमिलापकर्ताहरूको स्थानमा नयाँ योग्य व्यक्तिहरू छनोट गरी ४८ घण्टे आधारभूत तालिम प्रदान गरीने नीति अवलम्बन गरीने छ।

२४५. न्यायिक समितिमा उजुरी दर्ता देखि विवादको निरुपणसम्म आवश्यक सबै नमूना फारम तथा फर्मेटहरू सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराई सहज र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरीने छ।

२४६. स्थानिय तहमा विवाद समाधानको लागि न्यायिक समिति र न्यायिक समितिबाट सम्पादन गरीने कार्यको बारेमा समाजमा जनचेतना फैलाउने उद्देश्यले स्थानिय तहमा रहेका विभीन्न वर्गसंग न्यायिक समितिबाट प्रत्यक्ष रुपमा कानूनी व्यवस्थाको बारेमा जानकारी गराई न्यायिक प्रक्रियाको बारेमा अवगत गराउने।

२४७. देवानी कानूनको सामान्य सिद्धान्तका बारेमा प्रत्येक वडामा गएर सचेतना मुलक कार्यक्रम सञ्चालन गरीनेछ।

२४८. सामान्यतया स्थानिय तहमा आर्थिक अभावले गर्दा न्यायको पहुँचबाट टाढा रहेका निमुखा वर्गलाई न्यायमा सहज पहुँच कायम गर्न र खाद्यान्न र आश्रयबाट बञ्चित वर्हलाई व्यवस्तित गर्न राहत कोषको व्यवस्था गरीने छ ।

२४९. अन्य पालिकाका न्यायिक समिति पदाधिकारी, सहजकर्ता तथा मेलमिलापकर्ता बिच अनुभव आदान प्रदानको लागि भ्रमणको आयोजना गरी न्यायिक समितिको कार्यसम्पादन अझ प्रभावकारी बनाईने छ ।

२५०. गाउँपालिकामा अद्यावधिक भएका पुराना मेलमिलापकर्ताहरुलाई पूनर्ताजगी तालिमको व्यवस्था गरीनेछ । स्नातक तह उत्तिर्ण गरेका स्थानियलाई मेलमिलाप सम्बन्धी ४८ घण्टाको आधारभुत तालिम आयोजना गरी न्यायिक समितिलाई अझ प्रभावकारी बनाउने नीति अवलम्वन गरीने छ ।

२५१. न्यायिक समितिको नियमित बैठक राखी छिटो छरितो कार्यसम्पादन गर्न साताको १ दिन पेशी तारेख तोक्ने  व्यवस्था गरीने छ ।

२५२. गाउँपालिकामा एउटा छुट्टै मेलमिलाप कक्षको व्यवस्था गरीनेछ ।

२५३. मेलमिलापकर्तालाई प्रोत्साहन भत्ताको व्यवस्था गरीनेछ ।

२५४. सेवा प्रबाहलाई प्रभावकारी बनाउने उद्देश्यले विकास गर्नुपर्ने अनलाईन सफ्टवेयरहरुको प्रयोगको हकमा संघीय तथा प्रादेशिक मन्त्रालयबाट उपलब्ध गराइएका सफ्टवेयरहरुको प्रयोगलाई प्रथमिकता दिइनेछ र मन्त्रालयमार्फत उपलब्ध नभएका तर गाउँपालिकाको लागि अति आवश्यक भएको खण्डमा मात्र तेस्रो पक्षको सफ्टवेयरहरु सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभागको प्रत्यक्ष निगरानीमा हुने गरी प्रयोगमा ल्यइनेछ ।

२५५. सेवा प्रबाहलाई सरल र सहज बनाउन गाउँपालिकालाई प्रविधिमैत्रि बनाउन प्रयोगकर्तामैत्री प्रविधिको विकासलाई जोड दिई आवश्यक सफ्टवेयर प्रणालीको विकास गरीनेछ ।

२५६. प्राकृतिक विपद् तथा जलवायु परिवर्तनजन्य जोखिमहरूको न्यूनीकरणका लागि सूचना प्रविधिको प्रयोगमार्फत स्थानीय सन्दर्भमा आधारित इन्फोग्राफिक, एनिमेटेड भिडियो, पोष्टरजस्ता डिजिटल जनचेतनामूलक सामग्रीहरू उत्पादन गरी नियमित प्रचार–प्रसार गरीनेछ ।

२५७. अनलाईन गुनासो प्रणालीलाई थप व्यबस्थित, आमजनताको पहुँचमा वृद्धि गरीनेछ । सूचनाको हकलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै सार्वजनिक सूचना नियमित रूपमा डिजिटल माध्यमबाट सार्वजनिक गरीनेछ ।

२५८. बिभिन्न पर्यटकीय क्षेत्रहरुमा गुणस्तरीय इन्टरनेट सेवाको विस्तार तथा मोबाइल नेटवर्क कभरेजको पहूच बृद्धिको लागि इन्टेनेट सेवा प्रदायक संस्था तथा दुरसञ्चार सेवा प्रदायक संस्थासंग सहकार्य गरीनेछ।

२५९. जनप्रतिनिधि, कर्मचारी तथा विद्यार्थीमाझ डिजिटल साक्षरता अभिवृद्धि गर्न सूचना प्रविधिसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ।

२६०. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै प्रविधिमैत्री कक्षाकोठा सञ्चालन गरीनेछ।

२६१. "भिजिट अन्नपूर्ण" पोर्टललाई नविकरण गरी पर्यटकीय गन्तव्य, होटल विवरण, कोठा उपलब्धता, मेनु र मूल्यसूची लगायतका सूचनालाई स्पष्ट र प्रयोगकर्तामैत्री तरिकाले प्रस्तुत गरीनेछ, साथै पर्यटकको अनुभव र सुझाव र तथ्याङ्क संकलनको सुविधा थपिनेछ।

२६२. सेवा प्रवाह, प्रशासन र जनसहभागितामा पारदर्शिता तथा प्रभावकारीता ल्याउन स्मार्ट पालिकाको रुपमा विकास गरिनेछ।

२६३. पालिका अन्तर्गतका सार्वजनिक स्थानहरू तथा राजमार्ग नाकाहरूमा सुरक्षा तथा जोखिम न्यूनीकरणका लागि सी-सी टिभी जडान गरीनेछ।

२६४. गाउँपालिकालाई आर्थिक रूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै सम्भावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले कर तथा सेवा शुल्कका दरहरु निर्धारण गरीने छ।

२६५. राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइने छ।

२६६. गाउँपालिकामा दर्ता भई लामो समयदेखि कर नतिरेका र हाल सञ्चालनमा नरहेका व्यवसायको हकमा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको कर तिर्न लगाई व्यवसाय वन्द वा पुन सञ्चालन गर्न सक्ने व्यवस्थाको लागि आवश्यक नीति लिईनेछ।

२६७. घरमै बसेर इसेवा, कनेक्ट आइपिएस, क्यु आर कोड मार्फत कर तिर्न सकिने व्यवस्थालाई टोल टोलमा अभियान सञ्चालन मार्फत थप प्रभावकरी बनाइने छ ।

२६८. गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) सम्पन्न गरी करको दायरामा ल्याउने साथै यस गाउँपालिका अन्तर्गत सञ्चालित हाइड्रोपावर कम्पनीहरुले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरुको उपयोग

गरे बापतको कर गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरीने छ।

२६९. "अन्नपूर्ण समृद्धिको लागि नियमित तिरौं करः तिरेको कर विकास मार्फत फर्किन्छ घर घर" मान्यताका साथ प्रत्येक वर्ष सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरीने छ।

२७०. गाउँपालिका भित्र संकलन भएका कवाडी सामग्रीहरुलाई व्यवस्थित गरी सरसफाइमा जोड दिन ठेक्का प्रकृया अवलम्बन गरी करको दायरामा ल्याइने छ।

२७१. गाउँपालिका भित्र भाडा प्रयोजनका लागि प्रयोग भएका सवै भवनहरुलाई आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम वहाल करको दायरामा ल्याई घर वहाल करलाई व्यवस्थित गर्न विशेष पहल गरीनेछ।

२७२. चा.लु आ.व २०८३/०८४ देखि राजस्व मोड्युल सुत्र कर संकलन प्रणालिलाई पूर्ण रुपमा कार्यान्यनमा ल्याई कर संकलन प्रणालीमा उत्तरदायित्व र जवाफदेहिता कायम गरी आर्थिक हिसाव मिलानमा प्रवाकारिता कायम गरीनेछ।

२७३. अन्तरपालिका सहकार्य, अनुभव आदान–प्रदान तथा साझा विकासका अवसरहरूको उपयोग गर्न छिमेकी तथा अन्य स्थानीय तहहरूसँग संस्थागत सम्बन्ध विस्तार गरीनेछ ।

२७४. उत्कृष्ट अभ्यास (**Best Practices),** नवप्रवर्तन तथा सफल विकास मोडेलहरूको आदान–प्रदानका लागि भगिनी सम्बन्ध स्थापना तथा सुदृढीकरण गरीनेछ।

२७५. देश भित्रका विभिन्न पालिकाहरुसँग समन्वय, सहकार्य गरी भौतिक पूर्वाधार, फोहोर मैला व्यवस्थापन, कृषि उत्पादन, बजारीकरणका निम्ति भगिनी सम्बन्ध अगाडि बढाइने छ।

२७६. गाउँपालिकाको समग्र सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा गैह्रसरकारी संस्था, सामुदायिक संस्था तथा निजी क्षेत्रसँग सहकार्य, समन्वय र साझेदारीलाई प्रवर्द्धन गरीनेछ। **NGO** डेस्क स्थापना गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याइने छ।

२७७. सामाजिक विकासका क्षेत्रमा गैह्रसरकारी संस्थाहरूको लगानी र सहभागिता अभिवृद्धि गरीनेछ। सामाजिक उत्तरदायित्व (**CSR)** अन्तर्गत निजी क्षेत्रबाट शिक्षा, स्वास्थ्य, वातावरण तथा सामुदायिक विकासमा योगदान गर्न प्रोत्साहन गरीनेछ।

२७८. निजी क्षेत्रलाई स्थानिय आर्थिक विकासको प्रमुख साझेदारका रूपमा स्थापित गर्दै लगानीमैत्री वातावरण निर्माण गरीनेछ।

२७९. गैह्रसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता र जवाफदेहितालाई सुदृढ गरीनेछ।

२८०. सडकको राष्ट्रिय मापदण्ड र स्थानीय मापदण्ड पूर्ण रूपमा पालना गराईनेछ।

२८१. गाउँपालिकाको जनताको मुख्य पेशा कृषि र पर्यटन रहेको हुँदा वर्षापछी नियमित रुपमा सडक सञ्चालन गर्नको लागि सडक सरसफाई कार्यमा जोड दिइनेछ।

२८२. अन्नपूर्ण गाउँपालिकाका सबै वडाहरुलाई जोड्ने गरी प्रस्ताव गरीएको अन्नपूर्ण बृहद चक्रपथ सडक निर्माण आयोजनालाई यस गाउँपालिकाको गौरवको आयोजनाको रूपमा सञ्चालन गरीनेछ। चक्रपथ अन्तर्गत पर्ने सडकका कठिन घुम्ती र हिलो भईरहने सडक खण्डलाई प्राथमिकता दिई यातायातलाई १२ महिना सहज वनाईनेछ।

२८३. एक गाउँ एक सडक निर्माण कार्यलाई निरन्तरता दिई अधुरा रहेका सडक ट्र्याकहरुको पूर्णताका साथै गाउँपालिका केन्द्र एवम् मध्यपहाडी लोकमार्ग देखि वडा केन्द्रहरु जोड्ने रणनीतिक महत्वका सडकहरु स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन हुने अवस्थामा ल्याइने छ।

२८४. सडक निर्माण र स्तरोन्नती गर्दा रणनीतिक महत्वका सडकहरु प्राथमिकताका आधारमा रकम विनियोजन गरी अत्यावश्यक बाहेक नयाँ ट्र्याकहरु नखोल्ने र हाल रहेका सडकहरुको स्थायी पक्की संरचनाहरु निर्माण र स्तरोन्नतीमा जोड दिइने छ। सडक निर्माण गर्दा Bio Engineering लाई समेत प्राथमिकता दिईनेछ।

२८५. खोला तथा खोल्साहरुमा पक्की मोटरेबल पुलको निर्माणका लागि डिपिआर तयार गरी प्रदेश सरकार र सङ्घीय सरकारसँगको समन्वयमा अन्य आवश्यक प्रकृयाहरु अगाडि बढाइनेछ। संघीय सरकार बाट हस्तान्तरण भएका पुलहरुको मर्मत सम्भार गरीने छ।

२८६. पोखरा बागलुङ बसपार्क देखि सराङकोट, कास्कीकोट, सिम्पाली, सेराचौर, पाउदुर हुँदै सल्यान जोड्ने कृषि सडकको स्तरोन्नतीको निम्ति पहल गरीनेछ।

२८७. रू.१० लाख माथिको योजना अनिवार्य रुपमा विधुतिय ठेक्का प्रणाली मार्फत गरीनेछ।

२८८. स्थानीय श्रममा आधारित सडक निर्माणलाई प्राथमिकता दिइने छ। पालिका भित्रका विकास आयोजनाहरुमा अत्यावश्यक बाहेक डोजरको प्रयोग गरीने छैन।

२८९. गाउँपालिका भित्र निर्माणाधिन संरचनाहरुलाई व्यवस्थित गर्नका लागि भवन निर्माण तथा योजना मापदण्ड २०७२ को अधिनमा घर नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरीने छ।

२९०. गाउँपालिकाबाट निर्माण गरीने भवन लगायतका भौतिक संरचनाहरु लैंगिक, बालिबालिका तथा अपांगमैत्री र भुकम्प प्रतिरोधी बनाउनुका साथै भवन आचारसंहिताको परिपालना गरीनेछ।

२९१. गाउँपालिका केन्द्र भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ। साथै निर्माण भैसकेका वडा कार्यालयको संरक्षणको लागि तारजाली र तला थपको लागि ट्रस्ट निर्माण कार्य अगाडी बडाइनेछ। सङ्घीय र प्रदेश सरकारको समन्वयमा गाउँपालिकाको प्रशासनीक भवन सम्पन्न गरीने छ। साथै श्रोतको पहिचान गरी उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गरी पालिका स्तरिय बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई अङ्गिकार गरीने छ।

२९२. सामुदायिक भवनहरु निर्माण गर्दा प्रत्येक वडाहरुमा त्यहाँ क्रियाशिल टोल विकास समिति, आमा समूह, युवा क्लब लगायतका विभिन्न संघसंस्थाहरुले आ-आफ्नो छुट्टाछुट्टै भवन निर्माण नगरी एकिकृत रूपमा बहुउद्देश्यीय प्रयोजनका लागि उपयोग गर्ने र समूहगत आर्थिक सामाजिक गतिविधि सञ्चालन गर्ने गरी निर्माण गर्ने नीतिलाई अङ्गिकार गरीनेछ।

२९३. गाउँपालिका भित्रका मुख्य बजार केन्द्रको रूपमा रहेका नागँडाडा, काँडे, लुम्ले, नयाँपूल, बिरेठाँटी, घान्द्रुक, तिखेढुङ्गा लगायतका स्थानहरु विस्तारै शहरीकरण तर्फ उन्मुख रहेकाले सो क्षेत्रहरुमा संघ तथा प्रदेश सरकारसंगको समन्वय तथा स्थानीय समुदायको सहभागितामा शहरी सेवा सुविधारहरु विस्तार गरीने छ। साथै मध्यपहाडी लोकमार्ग एवमं उल्लेखित सहरी क्षेत्र लगायतका क्षेत्रहरुमा सडक सौर्य बत्ती जडान, घुम्तीमा Turning Mirror, Road Safety Sign राख्ने, सार्वजनिक शौचालय निर्माण गर्ने र आवश्यक स्थानमा यात्रु प्रतिक्षालय निर्माण कार्यलाई सुरुवात गर्ने नीति लिईनेछ।

२९४. पूर्वाधार संरचनाहरु निर्माण गर्दा गुणस्तरीयता कायम गर्नुका साथै समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि स्थानीय श्रममा आधारित निर्माणका कामहरु उपभोक्ता समिति मार्फत गरीनेछ।

२९५. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरुको निर्माण कार्यलाई सङ्घ, प्रदेश र अन्य दातृ निकायहरुसँगको सहकार्यमा निरन्तर अगाडि बढाईनेछ। माछापुच्छ्रे मा.वि. को नमुना विद्यालय अन्तर्गत पूर्वाधार संरचनाहरु निर्माणको लागि विगत वर्ष देखिको कार्यलाई निरन्तर रूपमा अगाडि बढाउदै नमुना विद्यालयको अवधारणालाई मुर्त रुप दिईनेछ।

२९६. छरिएर रहेको बस्तीलाई एकिकृत गर्न सम्भाव्य स्थानहरुमा गण्डकी प्रदेशसँगको समन्वयमा एकिकृत बस्तीविकास योजना प्रारम्भ गरीने छ।

२९७. पालिकाको पर्यटकीय स्थानहरुमा मौलिक घर निर्माण गर्नको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ।

२९८. गाउँपालिका भित्र प्रयोगविहिन भएका सरकारी भवनहरुलाई प्रयोगमा ल्याइनेछ।

२९९. संघीय सरकारबाट सञ्चालित लान्द्रुक वृहत खानेपानी योजना सम्पन्न गर्नको लागि आवश्यक पहल गरीनेछ। लान्द्रुक खानेपानीबाट अन्नपूर्ण मिनिरल वाटर उत्पादन गर्न प्रोत्साहन गरीनेछ।

३००. गाउँपालिका भित्रका सबै वडा हरुमा सुरक्षित खानेपानी पुर्याउनको लागि बिस्तृत परियोजना प्रतिवेदन सहितको १ घर १ धारा निर्माण कार्य गर्नको लागि संघ प्रदेश तथा अन्य दातृनिकायसँग समन्वय गरी निर्माण गरीनेछ।

३०१. गाउँपालिका भित्रको जलश्रोतको उपयोगबाट जलविद्युतको संभावनालाई उजागर गर्नका लागि लगानीकर्ताहरुलाई उपयुक्त स्थानहरुमा हाइड्रोपावर सञ्चालनमा आकर्षित गर्ने र एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्न उपयुक्त स्थानहरुमा संयुक्त लगानीमा साना जलविद्युत आयोजनाहरु प्राथमिकताका साथ सञ्चालन गर्ने नीति अङ्गिकार गरीनेछ।

३०२. पूर्वाधार विकास निर्माणमा समुदायको लागत साझेदारी कार्यक्रमलाई प्रोत्सहान गरीने छ।

३०३. ग्रामिण क्षेत्रका गाउँ बस्ती हुँदै खेत जंगल जोड्ने परम्परागत गोरेटो, घोडेटो लगायतका सिंढीबाटाहरु र पर्यटकीय क्षेत्रका पदमार्गहरुलाई परम्परागत पहिचान गरी नयाँ निर्माण एवम् मर्मत सम्भार गरी स्तरोन्नती गरीनेछ।

३०४. गाउँपालिका एवम् संघ र प्रदेश सरकारको साझेदारीमा यस गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा झोलुङ्गे पूल निर्माणलाई उच्च प्राथमिकता दिई निर्माण गरीनेछ। साथै उक्त झोलुङ्गे पूलहरु मर्मत सम्भार कोष निर्माण गर्ने नीति लिईनेछ।

३०५. खण्डीकृत र टुक्रे जग्गाको कारणले कृषिमा आधुनिकिरण र यान्त्रीकरणमा समस्या भई व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्न कठिनाई भएकोले गाउँपालिका भित्र सम्भाव्य स्थानहरुमा प्रदेश सरकारसँगको सहलगानीमा कृषि सडक तथा जग्गा चक्लाबन्दी विकास कार्यक्रम सञ्चालन गरीने छ।

३०६. यस गाँउपालिकाको क्षेत्रगत विशेषताका आधारमा आवश्यक पुर्वाधार संचरनाहरु निर्माण गरी ग्रामिण क्षेत्रलाई आकर्षण केन्द्रको रूपमा विकास गर्दै बसाईसराईलाई नियन्त्रण गर्ने र बस्न योग्य बस्तीको रूपमा विकास गरीनेछ ।

३०७. अन्नपूर्ण चक्रिय पैदल मार्ग र अन्नपूर्ण बेस क्याम्प पदमार्गको संघ तथा प्रदेश सरकारको साझेदारीमा निर्माण कार्यलाई अगाडि बढाई पर्यटक आकर्षणमा जोड दिइनेछ ।

३०८. गाउँपालिकाका विकास आयोजनाहरुमा अधिकतम जनसहभागिता गराउने नीति अवलम्बन गरीने छ ।

३०९. झिनु तथा अन्य स्थानमा रहेको तातोपानी कुण्डलाई व्यवस्थित गर्न पूर्वाधार निर्माण गर्ने प्रकृया अगाडी बढाइने छ ।

३१०. विद्युत पहुँच नपुगेका क्षेत्रमा विद्युत पुर्याउने निति लिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू**,

३११. वातावरण मैत्री स्थानीय शासनका मूलभूत मान्यतालाई आत्मसाथ गरीने छ । भू-संरक्षण र जलाधार संरक्षणमा जोड दिइने छ ।

३१२. वन जङ्गलको संरक्षण गर्न र अवैध रुपमा हुने वन जङ्गलको फँडानी तथा वन डढेलो जस्ता वाञ्छित गतिविधिलाई सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा रोकथाम तथा नियन्त्रण गरीने छ ।

३१३. निजी वन दर्ता प्रकृयालाई सरल र सहज रुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

३१४. यस गाउँपालिकाको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत पर्ने वडाहरुको हकमा प्राकृतिक स्रोत सम्पदा एवम् वन पैदावारको परिचालन र उपयोगलाई व्यवहारिक र थप सहज बनाउनका लागि आयोजनासँगको सहकार्यलाई निरन्तरता दिइने छ ।

३१५. अन्नपूर्ण आधार शिविरमा हुने हेलिकप्टर उडान र अवतरणका क्रममा त्यस क्षेत्रमा हुनसक्ने ध्वनी प्रदुषण एवम् हिमाली क्षेत्रमा पर्नजाने नकरात्मक वातावरणीय असरलाई न्यूनिकरण गर्नका लागि र संरक्षित वन्यजन्तुमा पर्नसक्ने असरलाई समेत मध्यनजर गर्दै उक्त क्षेत्रमा हुने पर्यटकीय हेलिकप्टर उडानलाई व्यवस्थित तथा पूर्वानुमानयोग्य बनाउदै लगिने छ ।

३१६. सडक वरिपरि एवम् अन्य जोखिमयुक्त स्थानहरुमा हुनसक्ने भूःक्षय पहिरोको नियन्त्रण गर्न र पार्क, विद्यालय, स्वास्थ्य चौकी, विश्रामस्थल लगायतका सार्वजनिक

स्थानहरुको सौन्दर्यकरण सहित पर्यावरणीय सन्तुलन कायम राख्नका लागि हरियाली प्रवर्धन कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।

३१७. गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माणका कार्यहरु गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ । फेवाताल जलाधार क्षेत्रको संरक्षणका लागि तत् तत् स्थानहरुमा हुने अवैध उत्खनन कार्यलाई निरुत्साहित गर्दै सम्बन्धित क्षेत्रका सरोकारवालाहरुको सहभागितामा बाढी पहिरोको रोकथाम गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३१८. पर्यटकीय क्षेत्रको सरसफाई तथा फोहोरमैला व्यवस्थापनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँगको सहकार्य र समन्वयमा जोड दिइने छ ।

३१९. जलवायु परिवर्तनबाट हुन सक्ने असरलाई न्यूनिकरण गर्न पालिकास्तरबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

३२०. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँग समन्वय गरी जैविक विविधता पार्क स्थापनाका लागि पहल गरीने छ ।

३२१. स्थानीय पर्यटन व्यवसायलाई प्रवर्धन गर्नको लागि सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरीने छ ।

३२२. विपद् र मन्सुनजन्य घटनाबाट प्रभावितहरूलाई पुनस्थापनका लागि सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत जोडिने छ ।

३२३. जोखिमयुक्त नदी तथा खोलाहरूको पहिचान गरी सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा तटबन्ध निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

३२४. विपद्का दृष्टिकोणले जोखिमयुक्त क्षेत्र पहिचान गरी आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापनद्वारा विपद्बाट हुने क्षति न्यूनीकरण गरीनेछ ।

३२५. विपद् व्यवस्थापन तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन पालिकामा साझेदार संस्थाको समन्वयमा उद्दार सम्बन्धी पुर्वाभ्यास तालिम सञ्चालन गरीनेछ ।

३२६. बाढी तथा पहिरो नियन्त्रणका लागि लागत सहभागितामा आधारित भई तारजालीको वितरण गरीनेछ ।

३२७. जोखिमयुक्त स्थानको नक्साङ्कन र पहिचान गरी नागरीकलाई सचेत बनाउने तथा सूचना प्रदान गर्ने नीति लिइनेछ ।

३२८. खोज, उद्धार र राहतका लागि वडास्तरमा तालिम प्राप्त विपद् स्वयंसेवक समुह खडा गरी उद्धारलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरीनेछ ।

३२९. विपद् व्यवस्थापनमा सुरक्षा निकाय, टोल विकास संस्था र गैरसरकारी संस्था (गै.स.स.) को सहयोग लिने नीति लिइनेछ। क्षतिको मूल्याङ्कनका आधारमा न्यूनतम राहत उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

३३०. सबै पदमार्गमा हुने विपद् सुरक्षालाई मध्यनजर गरीने छ अन्नपूर्ण गाउँपालिका वडा नं. ११ को माछापुच्छ्रे बेस क्याम्पमा सञ्चालित उद्धार केन्द्रलाई स्वास्थ्यकर्मीको व्यवस्था सहित दायरा वृद्धि गरीने छ।

३३१. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना अनुरुप विपद् सुरक्षा प्रदान गर्ने नीति लिईने छ। विपद् पोर्टल मार्फत सुचना संप्रेषण गरीने छ। विभिन्न संघसंस्था तथा निकायसंग विपद् एम्बुलेन्स सहकार्य गरीने छ।

३३२. विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै संघीय, प्रदेश तथा विकास साझेदार संस्थासँग समन्वय र सहकार्य बढाइनेछ।

३३३. जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गरीनेछ।

३३४. गाउँपालिका क्षेत्रको फोहरमैला वर्गीकरण, न्यूनीकरण तथा निष्काशन लगायतका फोहरमैला व्यवस्थापनमा गाउँपालिकावासीको दायित्व सम्बन्धमा नागरीक सचेतना कार्यक्रम संचालन गरीने छ।

३३५. "फोहर व्यवस्थापन घरमै" कार्यक्रम लागु गरीनेछ। प्रत्येक घरमा फोहर वर्गीकरण गर्नुपर्ने व्यवस्था अनिवार्य गरीने छ। एक पटकका लागि प्रत्येक घरघुरीका लागि निश्चित प्रतिशत अनुदानमा दुई वटाका दरले डस्टविन उपलब्ध गराईने छ।

३३६. "फोहरबाट मोहर कार्यक्रम" लागु गरीने छ। कुहिने फोहरबाट कम्पोष्ट मल बनाउन प्रत्येक टोलमा आवश्यक तालिम प्रदान गरीने छ। यसरी उत्पादित कम्पोष्ट मलको परिमाणका आधारमा अनुदान प्रदान गर्ने निती अवलम्बन गरीने छ।

३३७. "वडाको फोहर वडामै " व्यवस्थापन गर्ने नीति लिईने छ। सोका लागि सम्बन्धित वडामा जग्गा तथा स्थानको व्यवस्था गरी शिसा तथा प्लास्टिकजन्य लगायतका नकुहिने फोहर व्यवस्थापनका लागि एक वडामा एक फोहर प्रशोधन केन्द्र स्थापना गरीने छ।

३३८. "फोहर गर्नेले तिर्ने" सिद्धान्त अनुरुप फोहरमैलाको प्रकृति र परिमाणका आधारमा निश्चित सेवा शुल्क लिने व्यवस्था मिलाईने छ।

३३९. फोहरमैला व्यवस्थापनमा समुदायमा आधारित नागरीक संस्थाहरुलाई परिचालन गरीने छ।

३४०. मध्ये पहाडी लोकमार्ग लगायत अन्य स्थानीय सडक वरपर र सार्वजजिक स्थलहरुमा दिशा पिसाव गर्ने तथा फोहर फाल्ने कार्यलाई निरुत्साहित गरीनुका साथै यस्तो कार्य

गर्ने व्यक्तिलाई कानुन बमोजिम दण्डित समेत गरीने छ । राजमार्गमा चल्ने प्रत्येक सार्वजनिक यातयातका साधन भित्र डस्टविनको प्रयोगलाई अनिवार्य गरीने छ । राजमार्गको निश्चित दुरीमा सार्वजनिक शौचालय निर्माण गरी निजी क्षेत्रको सहकार्यमा उचित व्यवस्थापन गरीने छ ।

३४१. फोहरमैला व्यवस्थापनमा सार्वजनिक-निजी - साझेदारी (PPP) मोडल अवलम्वन गरी निजी क्षेत्रसंग सहकार्य गरीने छ । नेपाल सरकार, प्रदेश सरकार, फोहरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने अन्य गैर सरकारी संस्थाहरु तथा छिमेकी पालिकाहरुसंग समेत समन्वय गरी आवश्यकता अनुसार सहयोग लिईने छ ।

३४२. गाउँपालिका क्षेत्र भित्रका सरकारी कार्यालय तथा विद्यालयहरुमा न्यूनतम सरसफाई मापदण्ड बनाई लागु गरीने छ ।

३४३. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना तथा स्थानीय पर्यटन व्यवस्थापन समितिसंगको सहकार्यमा गाउँपालिकाका प्रमुख पर्यटकीय गन्तब्य तथा रुट लगायत अन्नपूर्ण आधार शिविर क्षेत्रमा "शुन्य फोहर" अभियान सञ्चालन गरीने छ ।

३४४. गाउँपालिका क्षेत्र भित्रको फोहरको दिर्घकालीन व्यवस्थापनका लागि फोहर विसर्जन स्थल (Landfield Site) को संभाव्यता अध्ययन गरीने छ ।

३४५. उद्योग, निजी व्यवसाय तथा निर्माणाधीन जलविधुत आयोजनाहरुवाट श्रृजना भएको हानिकारक तथा रासायनीक फोहर व्यवस्थापनका लागि सम्बन्धित संस्थाहरुलाई जिम्मेवार बनाईने छ ।

३४६. खानेपानीका मुहान संरक्षण तथा खोलानालाको सरसफाईमा विशेष जोड दिईने छ । खोलानालामा फोहर फाल्ने तथा ढल मिसाउने जस्ता गैरकानुनी तथा अमानवीय कार्यलाई नियन्त्रण गरीने छ ।

३४७. फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी आवश्यक कानुन तर्जुमा गरी लागु गरीने छ ।

३४८. दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीयकरण गर्दै लगिनेछ ।

३४९. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि विशेष पहल गरीने छ । गाउँपालिका क्षेत्र भित्रका प्रति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि वढाइने छ ।

३५०. अन्नपूर्ण गाउँपालिका भित्र रहेका जमिनहरुको हाल साविक प्रकृयालाई अगाडी बढाई उक्त प्रकृयाको लागि लागत साझेदारीका लागि प्रदेश सरकारसँग समन्वय गरीने छ ।

३५१. गाउँपालिकाको सिमा सिमाङ्कनको लागि छिमेकी पालिकासँग समन्वय गरीने छ ।

३५२. अन्नपूर्ण गाउँपालिका भित्र निर्मित स्थायी सडकहरुलाई प्रदेश सरकारको साझेदारीमा जग्गाको लगत कट्टा गरी बाटो कायम गर्ने नीति क्रमिक रुपमा अगाडी बढाइने छ।

अन्त्यमा, यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनुहुने जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजसेवी, विषय विज्ञ, शिक्षक र जनसमुदायहरु प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद, नमस्कार।

विष्णु बहादुर के.सी.
अध्यक्ष, अन्नपूर्ण गाउँपालिका,
कास्की
मितिः २०८३/०२/०७